लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ७, अंक २७, २०८१ पौष (Year 7, Issue 27, Jan - 2025)

महालेखापरीक्षकको कार्यालय



यस भित्र.....

क्र.सं.	शीर्षक	पृष्ठ संख्या
१	लेखा उत्तरदायि अधिकृतहरुसँग अन्तरक्रिया	३
२	एसोसाईको सोह्रौं सभामा सहभागिता	५
३	महालेखा नियन्त्रकबाट केन्द्रीय विवरण पेश	१०
४	सरोकारवालाहरुसँग भर्चुअल बैठक मार्फत अन्तरक्रिया कार्यक्रम	१४
५	कार्यमूलक लेखापरीक्षण सम्बन्धी कार्यशाला	१५
६	महालेखानियन्त्रकज्यूबाट संघ, प्रदेश र स्थानीयतहको एकीकृत वित्तिय विवरण पेश	१८

संरक्षक
माननीय महालेखापरीक्षक
श्री तोयम राया

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री विन्दु विष्ट

सम्पादक मण्डल
संयोजक
नायब महालेखापरीक्षक
श्री श्रीकुमार राई

सदस्य
निर्देशक
श्री टीकानाथ अर्याल
श्री रमेश सुवेदी
लेखापरीक्षण अधिकारी
श्री सुशिला पौडेल
श्री दिपक आचार्य
श्री नारायण भट्टराई
श्री खगेन्द्र लम्साल
क.अ. श्री हरि अधिकारी

लेआउट/डिजाईन
श्री अनिल कुमार दहित

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं।
फोन नं. ०१-४७७१२७०
फ्याक्स नं. ०१-४२६८३०९
e-mail: oagnep@ntc.net.np
website: oag.gov.np

नोटिस बोर्ड नं. ६१८०१४२५३२७०

प्रवक्ता
नायब महालेखापरीक्षक
श्री श्रीकुमार राई
सम्पर्क : ९८५१३५४००७
ईमेल : aag.mgmt@oagnep.gov.np

सहायक प्रवक्ता/सूचना अधिकारी
निर्देशक
श्री रमेश सुवेदी
सम्पर्क : ९८५१३५४००६
ईमेल : dir.admin@oagnep.gov.np

सम्पादकीय

नेपालको संविधान, लेखापरीक्षण ऐन,२०७५ तथा प्रचलित कानुन अनुसार सबै सरकारी निकाय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्था, महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी संघीय नेपाल सरकार कानुनद्वारा तोकिएको संस्था वा निकायको, आंशिक स्वामित्व भएको संस्थाको परामर्श दिने व्यवस्था, बहुपक्षीय वा दुई पक्षीय सम्झौता अनुसार महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी तोकिएका विषयको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुँदै आएको छ।

संवैधानिक परिषदको सिफारिसमा २०८१ वैशाख ६ गते सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूबाट नियुक्त भई सर्वोच्च अदालतको सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठबाट संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०५३ को दफा २४ तथा अनुसूची अनुसार माननीय महालेखापरीक्षक श्री तोयम रायाको पद तथा गोपनीयतको शपथ ग्रहण राष्ट्रपति कार्यालयमा सम्पन्न भई नेपालको १२ औं महालेखापरीक्षकको रुपमा नियुक्त हुन भएको छ। वहाँले नेपालको संविधानको धारा २९४ अनुसार २०८१ साल ज्येष्ठ १३ गते महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदन पेश गर्नु भएको छ । यसै अवधिमा प्रदेश सरकारका छैठौं वार्षिक प्रतिवेदन माननीय प्रदेश प्रमुखहरु समक्ष पेश भएको छ भने आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण सम्पन्न गरी ७४८ वटा स्थानीय तहका अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी भएको छ ।

महालेखापरीक्षकको कार्यालयको रणनीतिक योजना, २०२१-२०२५ मा उल्लिखित क्रियाकलापहरुमध्ये सम्पन्न हुन बाँकी क्रियाकलापहरु तथा महालेखापरीक्षकको ६ वर्षे कार्ययोजना समेत समेटी रणनीतिक योजना २०८१ श्रावण - २०८७ असार को तर्जुमा कार्य भइरहेको छ । यसै गरी कार्यालयका कर्मचारीहरूको क्षमता विकास सम्बन्धी कार्य विभिन्न पेशागत अनवरत तालिम तथा विशेष तालिमहरू समेत यसै अवधिमा सम्पन्न भएका छन्।

महालेखापरीक्षकज्यूको सन्देश

नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र तीनवटै तहका सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण हुने व्यवस्था छ ।

नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा रहेको महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षणबाट देखिएका विभिन्न महत्वपूर्ण तथ्य र व्यहोराका साथै भविष्यमा सुधार गर्नुपर्ने क्षेत्रहरू समेत समावेश गरी संविधानको धारा २९४(१) अनुसार सम्माननीय राष्ट्रपति समक्ष वार्षिक प्रतिवेदन पेश गर्दै आएको छ । नेपालको संविधानको कार्यान्वयन पश्चात् संविधान तथा प्रचलित कानून बमोजिम प्रदेशका काम कारबाहीका सम्बन्धमा सम्पूर्ण प्रदेशको अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष र स्थानीय तहको हकमा प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम अलग अलग प्रतिवेदनहरू गर्ने गरिएको छ।

लेखापरीक्षणका अन्तर्राष्ट्रिय प्रचलन तथा असल अभ्यासका साथै INTOSAI द्वारा प्रतिपादित मानदण्ड अनुशरण गरी तयार गरिएको नेपाल सरकारी लेखापरीक्षण मान (NGAS) समेतको आधारमा लेखापरीक्षण गर्नुपर्ने कार्यालयहरूलाई जोखिमका आधारमा उच्च जोखिमयुक्त र न्यून जोखिमयुक्त गरी २ भागमा वर्गीकरण गरी उच्च जोखिमयुक्त कार्यालयको लेखापरीक्षण सम्बन्धित कार्यालयमा भौतिक रुपमा नै उपस्थित भई तथा न्यून जोखिम भएका निकायको हकमा सम्बन्धित निकायको वित्तीय विवरण विश्लेषण र आन्तरिक लेखापरीक्षण प्रतिवेदन समेतका आधारमा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) बाट दूर लेखापरीक्षण विधि (Remote Audit Methodology) अवलम्बन गरी लेखापरीक्षण सम्पन्न गर्ने गरिएको छ।

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने गन्तव्य निर्धारण गरेको महालेखापरीक्षकको कार्यालय सार्वजनिक आर्थिक कारोबारहरूको मूल्याकंनमा निष्ठा, स्वतन्त्रता, व्यावसायिकता, पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धन गर्दै समग्र वित्तीय जवाफदेहिता तथा आर्थिक अनुशासन कायम गर्न गराउन प्रतिवद्ध रहेको छ। वार्षिक लेखापरीक्षण योजना,२०८१ अनुसार यस वर्षको लेखापरीक्षणमा मूलत: शासकीय प्रबन्ध, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्तिको व्यवस्थापन, विकास व्यवस्थापन, सूचना प्रविधि तथा सुशासनका क्षेत्रमा जोड दिइने छ। लेखापरीक्षण प्रतिवेदनमा समाविष्ट सुझाव तथा सुधारका क्षेत्रहरूको प्रभावकारी कार्यान्वयन मार्फत समग्र सार्वजनिक जवाफदेहिता प्रवर्द्धन भई सुशासन कायम हुने अपेक्षा लिएको छु ।

महालेखापरीक्षकको जिम्मेवारी तथा भूमिका निर्वाहको क्रममा सबै क्षेत्रको साथ, सहयोग तथा सद्भाव आवश्यक रहेको र प्राप्त सहयोग सराहनीय पनि छ । यस क्रममा सम्माननीय राष्ट्रपतिज्यू लगायत नेपाल सरकार, प्रतिनिधि सभा, राष्ट्रिय सभा, सार्वजनिक लेखा समिति, संवैधानिक अंगहरू, प्रदेश तथा स्थानीय तह, विकास साझेदार, विविध क्षेत्रका विज्ञ तथा कार्यालयका सम्पूर्ण कर्मचारीलाई प्राप्त सहयोग र सद्भावका लागि विशेष धन्यवाद ज्ञापन गर्दछु।

वर्ष ७, अंक २७, २०८१ पौष (Year 7, Issue 27 Jan - 2025)

लेखा उत्तरदायी अधिकृतहरुसँग अन्तर्क्रिया



वार्षिक लेखापरीक्षण नीति, लेखापरीक्षण व्यवस्थापन कार्यक्रममा लेखाउत्तरदायी अधिकृतहरुलाई सम्बोधन गर्नुहुँदै नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीज्यू।

१७ श्रावण, २०८१

महालेखापरीक्षकको कार्यालयको सभाकक्षमा माननीय महालेखापरीक्षक श्री तोयम राया, नेपाल सरकारका मुख्य सचिव श्री लिलादेवी गड्तौला, संघीय संसदका महासचिव श्री पद्म प्रसाद पाण्डेय, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री देवेन्द्रराज ढकाल सहितको उपस्थितिमा सबै मन्त्रालय/ निकाय/आयोगका लेखा उत्तरदायी अधिकृत तथा सबै सुरक्षा निकायका प्रमुखसँग मिति २०८१।४।१७ मा आर्थिक वर्ष ०८१/२०८० को लेखापरीक्षणका लागि तयार गरिएको वार्षिक लेखापरीक्षण योजना, २०८१ र लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिकाका सम्बन्धमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमको सञ्चालन नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले गर्नुभएको थियो। यसै क्रममा उहाँले लेखापरीक्षणको असल अभ्यासको रुपमा यस्तो कार्यक्रम आयोजना गरिएको उल्लेख गर्नुभयो। कार्यक्रमका क्रममा उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले महालेखापरीक्षक सम्बन्धी संवैधानिक तथा कानुनी प्रावधान, लेखापरीक्षणको उद्देश्य, क्षेत्र, प्रकार, पद्धति, ६१ औं वार्षिक प्रतिवेदनका मुख्य बेहोरा तथा बेरुजुको स्थिति, यस वर्षको लेखापरीक्षणको नीति तथा वार्षिक कार्यतालिका, कार्यमूलक तथा विशेष लेखापरीक्षण गरिने विषयहरू र कार्यालयको अपेक्षा लगायतका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो। उक्त प्रस्तुतीकरण पश्चात् लेखाउत्तरदायी अधिकृतहरूले आगामी लेखापरीक्षणमा गर्नुपर्ने सुधार सम्बन्धमा सुझावहरू राख्नु भएको थियो। कार्यक्रममा महालेखा नियन्त्रक श्री विनोद प्रकाश सिंहले समयमा नै वित्तीय प्रतिवेदन तयार गर्न सबै लेखाउत्तरदायी अधिकृतहरूले सहयोग गर्नुपर्ने विचार राख्नुभएको थियो। कार्यक्रममा अर्थ सचिव डा. रामप्रसाद घिमिरेले लेखापरीक्षणका क्रममा कार्यालयका कर्मचारी र लेखापरीक्षकबीच दोहोरो सञ्चार भएमा लेखापरीक्षण थप गुणस्तरीय हुनुका साथै बेरुजु समेत कम हुने धारणा राख्नुभएको थियो। त्यसैगरी सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री देवेन्द्रराज ढकालले हालको बेरुजुलाई कम गर्न तथा बेरुजु हुन नदिन खर्च गर्ने कार्यविधि र प्रक्रियाका साथै लेखापरीक्षण पद्धतिमा समेत सुधार गर्दै लैजानुपर्ने धारणा राख्नुभएको थियो। सोही क्रममा संसदका महासचिव श्री पद्मप्रसाद पाण्डेयले वित्तीय अनुशासन कायम राख्न सरोकारवाला सबैको साझा प्रयास आवश्यक हुने उल्लेख गर्दै हाल बेरुजु फछ्यौंट तथा सम्परीक्षणका सम्बन्धमा देखापरेको समस्या समाधानका लागि प्रयत्न भइरहेको जनाउनु भयो। यसैगरी मुख्य सचिव श्री लीलादेवी गड्तौलाले यस वर्षको लेखापरीक्षणमा जिम्मेवार व्यक्ति तथा लेखा उत्तरदायी अधिकृतले आवश्यक सहयोग गर्न, आर्थिक विवरण तथा आवश्यक प्रमाण कागजात समयमै लेखापरीक्षक समक्ष पेश गर्न तथा प्रारम्भिक प्रतिवेदन उपर समयमा नै प्रतिक्रिया दिई बेरुजु फछ्यौंट गर्न/गराउन लेखा उत्तरदायी अधिकृतहरूलाई निर्देशन दिनु भएको थियो।

कार्यक्रमको अन्त्यमा माननीय महालेखापरीक्षकज्यूले लेखाउत्तरदायी अधिकृतहरूले राख्नु भएको जिज्ञासाको सम्बोधन गर्नु हुँदै प्राप्त रचनात्मक सुझावको लागि धन्यवाद ज्ञापन गर्नुभएको थियो। उहाँले पारदर्शिता, आर्थिक अनुशासन तथा वित्तीय सुशासन कायम गर्न सबै पक्ष जिम्मेवार हुनुपर्ने धारणा राख्दै यस वर्षको लेखापरीक्षणमा समसामयिक तथा तात्त्विक महत्वका विषयहरूको विशेष रुपमा परीक्षण गरी प्रतिवेदन गरिने उल्लेख गर्नुभयो। सम्परीक्षण सम्बन्धमा देखिएको द्विविधा अन्त्यका लागि सबै सरोकारवाला पक्षसँग सकारात्मक छलफल भइरहेको समेत जानकारी दिनुहुँदै वहाँले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपर तोकिएको समयमा प्रतिक्रिया पेश गरी लेखापरीक्षणबाट देखिएका व्यहोराहरूलाई समयमा नै सम्बोधन गर्नुपर्ने धारणा समेत राख्नुभएको थियो।



वार्षिक लेखापरीक्षण नीति तथा योजना, २०८१ को लेखाउत्तरदायी अधिकृतहरुसँग अन्तरक्रिया कार्यक्रममा सहभागीहरु।

स्थलगत लेखापरीक्षणमा खटिने कर्मचारीहरुलाई निर्देशन

२८ श्रावण, २०८१

आर्थिक वर्ष २०८०/८१ को संघ, प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण कार्यमा खटिने यस कार्यालयका कर्मचारीहरूलाई माननीय महालेखापरीक्षक तथा उपमहालेखापरीक्षकज्यूहरूबाट निर्देशन प्रदान गर्ने कार्यक्रम २०८१ श्रावण २८ गते सम्पन्न भएको छ । वार्षिक लेखापरीक्षण योजना, २०८१ अनुसार पहिलो चरणमा लेखापरीक्षण गरिने ४१ जिल्लामा खटिने लेखापरीक्षकहरूलाई २ समूहमा विभाजन गरी उक्त कार्यक्रम सञ्चालन गरिएको थियो। शासकीय लेखापरीक्षण विभाग र अर्थ, राजस्व तथा कार्यमूलक लेखापरीक्षण विभाग अन्तर्गतका कर्मचारीहरूको लागि बिहान ११ बजे तथा पूर्वाधार विकास विभाग तथा आर्थिक तथा सामाजिक लेखापरीक्षण विभाग अन्तर्गतका कर्मचारीहरूको लागि दिनको २ बजे कार्यक्रम सञ्चालन गरिएको थियो।

उक्त कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूलले नेपालको संविधान, प्रचलित ऐन, कानुन तथा वार्षिक लेखापरीक्षण योजना, २०८१ को अधीनमा रही लेखापरीक्षण कार्य सम्पन्न गर्न कर्मचारीहरूलाई निर्देशन दिनुभएको थियो। स्थलगत लेखापरीक्षणको सिलसिलामा सम्बन्धित कार्यलयका कर्मचारीहरूसँग शिष्ट व्यवहार गर्नुपर्ने, लेखापरीक्षकहरूका लागि जारी आचारसंहिता पालना गर्नुपर्ने, प्रवेश बैठक तथा बहिर्गमन बैठकमा कार्यालयका जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरूको सहभागिता गराउने, समान कार्यप्रकृतिका दुई कार्यालयहरूमा एउटै विषयमा फरक व्यहोरा आउन नदिनको लागि महानिर्देशनालय/निर्देशनालयगत रुपमा सञ्जार तथा समन्वय गर्ने, लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन फिल्डमा नै जारी गर्ने लगायतका विषयहरूमा निर्देशन प्रदान गर्नुभयो। उपमहालेखापरीक्षकज्यूहरूले लेखापरीक्षणको लागि विभिन्न जिल्लामा जाने कर्मचारीहरूले राखेका जिज्ञासाहरूको जवाफ दिनुका साथै लेखु पर्ने बेरुजु नछुटाउन र नलेखु नपर्ने बेरुजु नलेख तथा बेरुजु वर्गीकरण निर्देशिका, २०७६ अनुसार बेरुजुको वर्गीकरण गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्न समेत निर्देशन दिनुभयो।

व्यास गाउँपालिकामा पहिलोपटक स्थलगत लेखापरीक्षण

१५ भाद्र, २०८१

मिति २०८१/१५/०५ देखि १९ सम्म दार्चुलाको व्यास गाउँपालिकाको लेखापरीक्षण पहिलो पटक गाउँ कार्यपालिकाको कार्यालयमै गई स्थलगत रुपमा गरिएको छ। भौगोलिक विकटताले गर्दा विगत वर्षहरूमा जिल्ला सदरमुकाम खलङ्गामा स्रेस्ता झिकाई हुने गरेको अन्तिम लेखापरीक्षण यो वर्ष गाउँपालिकाको केन्द्र सुन्सेरामै गरिएको हो।

व्यास गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षणका लागि निर्देशक हिरामणि निरौला नेतृत्वको ४ सदस्यीय लेखापरीक्षण टोली गाउँपालिकाको कार्यालयमै उपस्थित भइ लेखापरीक्षण सम्पन्न गरेको थियो।

लेखापरीक्षणको लागि दार्चुला सदरमुकाम खलङ्गाबाट भारतको बाटो हुँदै सडक यात्रा तथा पैदल यात्रा गरी गाउँपालिका केन्द्र पुग्न करिब ५ घण्टा लागेको लेखापरीक्षण टोलीले जानकारी दिएको छ।

गाउँपालिकाको कार्यालयमा पहिलो पटक स्थलगत रुपमा नै उपस्थित भएर लेखापरीक्षण गर्ने टोलीलाई गाँउपालिका अध्यक्ष मंगल सिँह धामीसहितको गाउँपालिकाको टोलीले स्वागत गरेको थियो। दार्चुलामा संघ, प्रदेश र स्थानीय तहका कार्यालयको अन्तिम लेखापरीक्षणका लागि यस कार्यालयबाट दुई टोली खटाइएको थियो। स्थलगत अवलोकनका क्रममा लेखापरीक्षण टोली गाउँपालिकाको वडा नं.-१ स्थित छाङ्गरु गाउँसम्म पुगेको थियो।



व्यास गाउँपालिकाको स्थलगत लेखापरीक्षण गर्दै लेखापरीक्षण टोली तस्वीर साभारः नजरिया, २२ भाद्र, २०८१

वर्ष ७, अंक २७, २०८१ पौष (Year 7, Issue 27 Jan - 2025)

एसोसाईको सोह्रौं सभामा सहभागिता



माननीय महालेखापरीक्षक तोयम रायाज्यू (बीचमा), उपमहालेखापरीक्षक विन्दु विष्ट (बायाँ) र नायब महालेखापरीक्षक श्रीकुमार राई (दायाँ) कार्यक्रममा सहभागिता जनाउनु हुँदै ।

२ असोज, २०८१

एसोसाईको सोह्रौं सभा भारतको सर्वोच्च लेखापरीक्षण संस्था (नियन्त्रक एवं महालेखापरीक्षकको कार्यालय)को आयोजनामा भारतको राजधानी नयाँ दिल्लीमा असोज १-२, २०८१ मा सम्पन्न भएको छ। सो सभा तथा नवौं एसोसाई सिम्पोजियममा नेपाल सरकार, मन्त्रिपरिषद्को २०८१।३।२० को निर्णयानुसार यस कार्यालयबाट माननीय महालेखापरीक्षक तोयम रायाज्यूको नेतृत्वमा उप-महालेखापरीक्षक श्री बिन्दु विष्ट र नायब महालेखापरीक्षक श्री श्रीकुमार राई सहितको ३ सदस्यीय टोली सहभागी भएको थियो।

एसोसाईको १६ औं सभा नयाँ दिल्लीस्थित होटल ताज प्यालेसमा सञ्चालन भएको थियो। थाइल्याण्डको बैंककमा भएको १५ औं सभा कोभिड-१९ महामारीका कारण भर्चुअल रुपमा आयोजना भएको थियो। उक्त सभाबाट सन् २०२१ देखि २०२३ सम्म थाईल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्थाले एसोसाईको अध्यक्षता गरेको थियो भने १६औं सभाबाट भारतको नियन्त्रक एवं महालेखापरीक्षकको कार्यालयले सन् २०२४ देखि २०२७ सम्मको लागि अध्यक्षता गर्नेछ।

सभा अन्तर्गत सेप्टेम्बर २१ देखि २३ सम्म गभर्निङ्ग बोर्डको ५९ औं र ६० औं बैठक तथा Working Committee, Strategic Plan Task Force, ASOSAI Capacity Development Committee, विगत तीन वर्षमा सम्पन्न क्रियाकलापहरूको प्रगति समीक्षा, एसोसाई रिसर्च प्रोजेक्ट लगायत १६ औं सभामा पेश हुने विभिन्न प्रतिवेदनहरू सम्बन्धमा बैठकमा छलफल भएको थियो।

सभाको उद्घाटन सेप्टेम्बर २४ मा भारतका राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले गर्नुभएको थियो। उक्त सभामा एसोसाईका ४८ मध्ये ४४ सदस्य राष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रमुख तथा ईन्टोसाई र IDI का प्रतिनिधि लगायत २०१ जनाको सहभागिता रहेको थियो। ईन्टोसाईका अध्यक्षका प्रतिनिधि Mr. Vital do Rego Filho, ईन्टोसाई सचिवालयका प्रतिनिधि Dr .Ronald Roedl ले सभामा सम्बोधन गर्नु भएको थियो। सभाले सन् २०२१ देखि २०२३ को वित्तीय विवरण र लेखा परीक्षण प्रतिवेदन, एसोसाई रणनीतिक योजना प्रतिवेदन, Capacity Development Activities को प्रतिवेदन, ASOSAI Research Project को प्रतिवेदन, ASOSAI Journal को प्रतिवेदन लगायतका प्रतिवेदनहरू सर्व सम्मतिबाट पारित गरेको छ। ASOSAI Journal Award, 2024 इन्डोनेशियाको सर्वोच्च लेखापरीक्षण संस्थालाई सन् २०२१ अप्रिलमा प्रकाशित Public Infrastructure Audit Strategy का लागि प्रदान गरिएको छ। विगत तीन वर्षमा प्रकाशित ७६ वटा लेखमध्ये उक्त लेखले सो पुरस्कार प्राप्त गरेको हो । यसैगरी अघिल्लो सभाबाट गठित कार्य समितिहरूमध्ये working Group on Environment Audit, ASOSAI working Group on Sustainable Development Goals, ASOSAI Working Group on crisis Management Audit सम्बन्धमा क्रमशः चीन, कोरिया र कुवेतद्वारा प्रस्तुत प्रतिवेदनहरू सभाबाट पारित भएका छन्।

आगामी तीन वर्षका लागि नयाँ कार्यसमिति गठन गर्ने सम्बन्धी प्रस्ताव ASOSAI Working Groups on State Owned Enterprises, ASOSAI Working Group on IT Audit and Data Analytics र ASOSAI Working Groups on Regional and Municipal Audit कार्यक्रम क्रमशः मलेशिया, भारत र रसियाको सर्वोच्च लेखापरीक्षण संस्थाले गर्ने र आगामी १७ औं सभा साउदी अरेबियाको सर्वोच्च लेखापरीक्षण संस्थाले आयोजना गर्ने प्रस्ताव पनि सभाले पारित गरेको छ। निवर्तमान अध्यक्ष थाईल्याण्डले वर्तमान अध्यक्ष भारतका नियन्त्रक एवं महालेखापरीक्षकलाई ASOSAI को झण्डा हस्तान्तरण गरी १६ औं सभा समापन भएको थियो।

कार्यक्रम पश्चात् लिइएको सहभागीहरूको सामूहिक तस्वीर



कार्यक्रम पश्चात् लिइएको सहभागीहरूको सामूहिक तस्वीर

एसोसाईको नवौं सिम्पोजियामा सहभागिता

एसोसाईको १६ औं सभा अन्तर्गत आयोजित नवौं एसोसाई सिम्पोजियम " Digital Public Infrastructure and Gender Divide- Issues of Inclusion and accessibility" विषयमा छलफल गर्दै सम्पन्न भएको छ। सेप्टेम्बर २५, २०२४ मा नयाँ दिल्लीमा भएको कार्यक्रममा नेपालका माननीय महालेखापरीक्षक सहितको तीन सदस्यीय टोली सहभागी भएको छ। सिम्पोजियमा आयोजक राष्ट्र भारतको तर्फबाट पूर्वराजदूत लक्ष्मी पुरीले विषयविज्ञको रूपमा प्रस्तुतीकरण गर्न भएको थियो। उक्त Symposium मा इण्डोनेसिया, इजरायल, मलेशिया, ओमान र थाइल्याण्डका सर्वोच्च लेखापरीक्षण संस्थाहरूका प्रतिनिधिहरूलेसमेत प्रस्तुतीकरण गर्नुभएको थियो। INTOSAI Development Initiatives(IDI) द्वारा "Matching SAI Needs with IDI Strategic Vision" विषयक कार्यक्रम राखिएको थियो। IDI ले Strategic Performance Management and Reporting, SAI PFM, MASTERY, PICTURE, Increasing, Collaboration between SAI and Civil Society, Future SAI Audit, SAI Leadership and Stakeholder Interactions, System on Audit Quality Management, Robust Follow up System लगायतका ३२ क्षेत्रहरू मध्ये आफ्नो सर्वोच्च लेखापरीक्षण संस्थालाई कुन-कुन क्षेत्रमा कुन तहको (उच्च, मध्यम र न्यून) सहयोग आवश्यक छ भन्ने सम्बन्धमा अनलाईन सर्वेक्षण गराएको थियो। सोही दिन साँझ एसोसाईको सचिवालय (चीनको सर्वोच्च लेखापरीक्षण संस्था) को तर्फबाट सबै सहभागीहरूको लागि रात्रि भोजको आयोजना गरिएको थियो। कार्यक्रम अन्तर्गत सेप्टेम्बर २६ मा आयोजकबाट सबै सहभागीहरूलाई आग्रास्थित ताज महल भ्रमण समेत गराइएको थियो।

गभर्निङ बोर्डको निर्वाचन र नयाँ दिल्ली घोषणा

एसोसाईको गभर्निङ्ग बोर्डको निर्वाचन कार्यक्रम सेप्टेम्बर २७, २०२४ मा India International Convention and Expo Centre द्वारकामा गरिएको थियो। सो अन्तर्गत सन् २०२४ देखि २०२७ को गभर्निङ्ग बोर्डको सात सदस्यको लागि सर्वोच्च लेखापरीक्षण संस्थाहरू क्रमशः भुटान, पाकिस्तान, अजरबैजान, कजाकस्तान, कोरिया, मलेसिया, फिलिपिन्स र संयुक्त अरब इमिरेटसले मनोनयन दर्ता गराएका थिए। पपुवा न्यु गिनी र मौरिससका महालेखापरीक्षकलाई निर्वाचक मण्डलको रूपमा तोकिएको थियो। एक पटकमा पाँच जनाले मतदान गर्न पाउने गरी गोप्य मतदान स्थल निर्माण गरिएको थियो। उक्त मतदानबाट भुटान बाहेकका ७ वटा सर्वोच्च लेखापरीक्षण संस्थाहरू निर्वाचित भएका छन्। उक्त निर्वाचनपछि नयाँ गभर्निङ्ग बोर्डमा भारत, थाईल्याण्ड, साउदी अरेबिया, जापान, चीन, अजरबैजान, काजकस्तान, दक्षिण कोरिया, मलेसिया, पाकिस्तान, फिलिपिन्स र संयुक्त अरब इमिरेटसका सर्वोच्च लेखापरीक्षण संस्थाहरू रहेका छन्। अजरबैजान गभर्निङ बोर्डमा निर्वाचित भएसँगै संस्थाको लेखापरीक्षण समितिमा इरान र भियतनामका सर्वोच्च लेखापरीक्षण संस्थाहरू निर्विरोध निर्वाचित भएका थिए। मतदानपछि गभर्निङ्ग बोर्डका नवनियुक्त सदस्यहरूलाई बधाई दिँदै नयाँ दिल्ली घोषणा, २०२४ जारी गरी एसोसाईको १६ औं सभा सम्पन्न भएको छ।



मतदानमा सहभागि जनाउँदै माननीय महालेखापरीक्षकज्यू।

प्रथम चरणको लेखापरीक्षणको समीक्षा तथा शुभकामना आदानप्रदान कार्यक्रम



कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू साथमा उपमहालेखापरीक्षकज्यूहरु।

२० असोज, २०८१

महालेखापरीक्षकको कार्यालयको सभाकक्षमा मिति २०८१।०६।२० मा प्रथम चरणको लेखापरीक्षण समीक्षा तथा नेपालीहरुको महान चाड दशैं, तिहार र छठको उपलक्ष्यमा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ। माननीय महालेखापरीक्षक तोयम रायाज्यूको समुपस्थितिमा आयोजना भएको उक्त कार्यक्रममा यस कार्यालयका उच्च पदस्थ कर्मचारीहरु, विभागीय ट्रेड युनियनका पदाधिकारीहरु लगायत सम्पूर्ण कर्मचारीहरुको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन नीति, योजना, जनशक्ति विकास, अनुगमन महानिर्देशनालयका निर्देशक श्री जितेन्द्र श्रेष्ठले गर्नुभएको थियो।

कार्यक्रममा केन्द्रीय सचिवालय एवं व्यवस्थापन महानिर्देशनालयका नायब महालेखापरीक्षक श्री श्रीकुमार राईज्यूले पहिलो चरणको लेखापरीक्षण डोरको कार्यसम्पादनको अवस्था र प्रगति विवरण पेश गर्दै उल्लिखित चाडपर्वहहरूको शुभकामना व्यक्त गर्नुभएको थियो। उपमहालेखापरीक्षक श्री बामदेव शर्माज्यूले प्रथम चरणमा ४१ जिल्लाका साथै अर्थ, राजस्व तथा कार्यमूलक लेखापरीक्षण विभाग अन्तर्गतका थप केही कार्यालयहरूको समेत लेखापरीक्षण अन्तिम अवस्थामा रहेको बताउनुभयो। यसैक्रममा वहाँले अधिकांश निकायका प्रारम्भिक प्रतिवेदनहरू जारी भइसकेका र बाँकी प्रतिवेदनहरू पनि दशैं अघि जारी गर्न निर्देशन दिनुहुँदै विजयादशमी, दीपावली तथा छठको उपलक्ष्यममा सबैमा शुभकामना प्रदान गर्नुभयो। विभागीय ट्रेड युनियका अध्यक्षहरुले गत असोज १२ गते आएको बाढी पहिरोले लेखापरीक्षण डोरमा खटिएका टोलीहरुले भोग्नुपरेको समस्याहरुका बारेमा कार्यालयको ध्यानाकर्षण गराउँदै आ-आफ्ना शुभकामना मन्तव्य राख्नु भएको थियो।

कार्यक्रमको अवसरमा माननीय महालेखापरीक्षकज्यूले आफ्नो धारणा राख्नुहुँदै यदाकदा सामान्य गुनासो आउनु बाहेक सबैजसो टोलीले समयमै आफ्नो जिम्मेवारी पूरा गरेर फर्कनुभएकोमा सबैलाई धन्यवाद दिनुभयो। लेखापरीक्षणको क्रममा आइपरेको विपदले निम्त्याएको प्रतिकूलताका बाबजूद लेखापरीक्षण सम्पन्न गरी फर्किएकोमा टोलीहरुको काम प्रति सराहाना व्यक्त गर्नुभयो। कामको सिलसिलामा पर्नसक्ने समस्यालाई ध्यानमा राखी लेखापरीक्षण टोलीसँग निरन्तर सम्पर्कमा रहन कार्यालयलाई निर्देशन दिए बमोजिम कार्यालय निरन्तर सम्पर्कमा रहेको बताउनुभयो। लेखापरीक्षणको क्रममा कुनै समस्या परेको खण्डमा कार्यालय व्यवस्थापनलाई जानकारी गराउनुहुन र सो समस्याको तत्काल सम्बोधन गर्न महालेखापरीक्षकको कार्यालय सदैव तत्पर रहेको विषय समेत व्यक्त गर्नुभयो। यस पटकको लेखापरीक्षणलाई थप प्रभावकारी बनाउन पहिलो चरणको लेखापरीक्षणका क्रममा दुई पटक भर्चुअल मिटिङ्ग आयोजना गरेर कर्मचारी र सरोकारवालाहरुको समस्या तथा जिज्ञासालाई सम्बोधन गरिएको बताउनुभयो। पहिलो पटक राखिएको यस प्रकारको बैठकमा सरोकारवालाहरुको उल्लेख्य उपस्थिति र सक्रिय सहभागिता रहेकोले आगामी दिनहरुमा पनि निरन्तरता दिने बताउनुभयो। यसपटकको लेखापरीक्षण प्रतिवेदनमा लेखापरीक्षणका क्रममा भोग्नुपरेका समस्याहरुलाई समेत समेटिने जानकारी दिनुभयो। कार्यक्रममा वहाँले पहिलो चरणको लेखापरीक्षण प्रतिवेदन जारी गर्न बाँकी भएका लेखापरीक्षण टोलीले छिट्टै प्रतिवेदन जारी गरी काम सम्पन्न गर्न निर्देशन दिनु भयो। साथै सर्वोच्च लेखापरीक्षण संस्थाले जारी गर्ने प्रतिवेदन यथार्थ र विश्वासनीय हुनुपर्ने भएकोले राम्रोसँग अध्ययन गरी जारी गर्ने तथा सुपरीवेक्षकबाट प्राप्त सुझावलाई पनि प्रतिवेदनमा समावेश गर्न निर्देशन दिनु भयो।

कार्यक्रमको समापन गर्दै माननीय महालेखापरीक्षकले उपस्थित सम्पूर्णमा दशैं, तिहार र छठ लगायत सम्पूर्ण चाडपर्वको शुभकामना व्यक्त गर्नुभयो।



कार्यक्रमको झलक।

पहिलो चरणको लेखापरीक्षणको समीक्षा कार्यक्रम

५ कार्तिक, २०८१

वार्षिक लेखापरीक्षण योजना, २०८१ अनुसार पहिलो चरण अन्तर्गत ४१ जिल्ला तथा उपत्यका बाहिरका आन्तरिक राजस्व कार्यालयहरूको लेखापरीक्षण र प्रारम्भिक प्रतिवेदन, लेखापरीक्षणको क्रममा देखापरेका कठिनाइहरू र आगामी दिनमा लेखापरीक्षण कार्यलाई थप प्रभावकारी बनाउनको लागि आवश्यक सुझाव संकलन सहितको समीक्षा कार्यक्रम २०८१ कार्तिक ५ गते कार्यालयको सभाकक्षमा सम्पन्न भएको छ।

कार्यक्रममा सहभागीहरूले बेरुजु वर्गीकरण निर्देशिका, २०७६ संशोधन गर्नुपर्ने, बेरुजु वर्गीकरण निर्देशिका र कार्यालयले गर्ने परिपत्र तथा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) मा भएका प्रावधानहरूबारे तार्दम्यता कायम गर्नुपर्ने विषय उठाउनु भएको थियो। साथै भौगोलिक विकटता, मौसमको प्रतिकूलता जस्ता विषयहरूलाई ध्यानमा राखेर स्थलगत लेखापरीक्षणमा खटिने कर्मचारीको भ्रमण अवधि तथा सेवा, सुविधा वृद्धि गर्ने उपयुक्त हुने सुझाव पनि वहाँहरूले दिनुभयो।

यस कार्यक्रममा सबै उपमहालेखापरीक्षकज्यूहरूले आ- आफ्नो विभाग अन्तर्गतका विषयहरूमा प्राप्त प्रतिवेदनउपर सुझाव दिनुभएको थियो। कार्यक्रममा उप-महालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारीले बेरुजु वर्गीकरण निर्देशिका, २०७६ को पालना गरेर बेरुजु वर्गीकरण गर्नुपर्ने विचार राख्नुभएको थियो। यस्तै उप-महालेखापरीक श्री पदमराज पौडेलले केही प्रमुख पूर्वाधार योजनाहरूको स्थलगत अवलोकन समेत गरी सोबाट देखिएका बेहोराहरूलाई प्रारम्भिक प्रतिवेदनमा समावेश गर्नुपर्ने धारणा राख्नुभएको थियो। यसै गरी उप-महालेखापरीक्षक श्री बिन्दु विष्टले एउटै विषयमा विभिन्न निकायहरूमा फरक- फरक बेहोरा औंल्याइएको भन्ने गुनासो रहेकोले सामान्यतया एउटै प्रकृतिको विषयमा समान बेहोराको बेरुजु औंल्याउनु पर्छ भन्ने धारणा राख्नुभएको थियो। यस्तै उप-महालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले सो कार्यक्रम लेखापरीक्षणको प्रतिवेदनमा सुधार होस् भन्ने उद्देश्यले राखिएको जानकारी दिनुभयो। साथै वहाँले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा वार्षिक लेखापरीक्षण योजनामा अनिवार्य रुपमा उठाउनुपर्ने भनी उल्लेख भएका बेहोराहरू छुटेको विषयलाई समेत उठाउनुभएको थियो। लेखापरीक्षणमा खटिने सबै लेखापरीक्षकले वार्षिक लेखापरीक्षण योजना अध्ययन गर्न र त्यसको अनिवार्य पालना गर्न समेत वहाँले निर्देशन दिनुभयो।

कार्यक्रममा माननीय महालेखापरीक्षक तोयम रायाज्यूले पहिलो चरणको लेखापरीक्षण सम्पन्न गरी फर्किनु भएका सबै कर्मचारीहरूलाई धन्यवाद व्यक्त गर्दै पहिलो चरणको लेखापरीक्षणबाट जारी भएका प्रारम्भिक प्रतिवेदन अध्ययन गर्दा कतिपय विषयहरू छलफल तथा सुधार गर्नुपर्ने देखिएको बताउनुभएको थियो। आफ्नो निर्देशन मन्तव्यको क्रममा माननीय महालेखापरीक्षकज्यूले राख्नु भएका प्रमुख बेहोरा निम्नानुसार छन्-

1) वित्तीय विवरणको विष्लेषण- स्थानीय तहको वित्तीय विवरण परीक्षण गर्दा अनुदान प्राप्ति खर्च, राजस्व बाँडफाट, चालु खर्चको प्रवृत्ति र यस्ता विषयले पालिकाको आर्थिक अनुशासन र वित्तीय प्रणालीमा पारेका र पार्न सक्ने प्रभाव विष्लेषण गरी प्रारम्भिक प्रतिवेदनमा खुलाउनुपर्दछ।

2) प्रतिवेदनको ढाँचा सम्बन्धमा- NAMS प्रणालीबाट सिर्जना भएका कतिपय प्रारम्भिक लेखापरीक्षण प्रतिववेदन अध्ययन गर्दा दफा सङ्ख्या र विषयवस्तुको क्रमवद्धता मिलेको नपाइएको साथै एउटै विषयवस्तुसँग सम्बन्धित बेहोरा विभिन्न दफामा छरिएर रहेको समेत देखिएकोले यसमा सुधार गर्नुपर्दछ।

3) लेखापरीक्षणको क्रममा असुली- लेखापरीक्षणको क्रममा असुली भई सरकारी कोषमा दाखिला भएको रकम Sub-stantive procedure को Conclusion खण्डमा नराख्दा असुल भएको कुल अंक पछि वार्षिक प्रतिवेदनमा जोडिएर नआउने हुन्छ । अत: यस सम्बन्धमा ध्यान दिनुपर्ने देखिन्छ।

4) कतिपय प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन अध्ययन गर्दा कार्यक्रमको नाम, कारोबारको भौचर नं. आदि उल्लेख भएको नपाइएकोले NAMS मा तोकिएको स्थानमा अनिवार्य रुपमा कार्यक्रम तथा बजेट शीर्षक, भौचर नं. र मिति लगायतका बेहोराहरू खुलाउनुपर्दछ । साथै सम्बन्धित ऐन, नियमको नाम समेत त्रुटिरहित ढंगबाट खुलाउनुपर्दछ।

5) असुल गर्नुपर्ने भनी कायम बेरुजुमा जिम्मेवार पदाधिकारी तथा रकम असुल गर्नुपर्ने व्यक्तिहरूको नाम अनिवार्य रुपमा खुलाउनुपर्दछ।

6) लेखापरीक्षण सम्पन्न भएपश्चात् आयोजना गरिने बहिर्गमन बैठकमा जिम्मेवार व्यक्तिहरूलाई उपस्थित गराई लेखापरीक्षणबाट देखिएका संक्षिप्त बेहोरा तथा कार्यालयको भनाइ दफावार रुपमा माइन्युटमा खुलाउने व्यवस्था मिलाउनु पर्दछ।

7) विगत वर्षमा लगती बेरुजु कायम भइसकेको पेश्की वा अन्य बेहोरा फर्स्यौट नभएको अवस्थामा यो वर्ष सैद्धान्तिक बेहोरा मात्र औंल्याउने साथै त्रुटिपूर्ण लागत अनुमान सम्बन्धी बेहोरा पनि सैद्धान्तिक बेरुजुमा वर्गीकरण गर्न उपयुक्त हुन्छ।

8) कतिपय टोलीले नायब महालेखापरीक्षक तथा उप-महालेखापरीक्षकबाट प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन उपर प्राप्त सुझाव तथा सुधार गर्नुपर्ने विषयहरू पूर्ण रुपमा सम्बोधन गरेको नपाइएकोले आफ्ना सुपरिवेक्षकबाट प्राप्त सुझावहरू प्रतिवेदनमा समावेश गर्नुपर्दछ। साथै सुपरिवेक्षकहरूले पनि Review को लागि प्राप्त PAR गहन अध्ययन गरी सुधार गर्नुपर्ने बेहोराहरू स्पष्ट रुपमा उल्लेख गर्नुपर्दछ।

9) कतिपय स्थानीय तह तथा अन्य निकायको प्रारम्भिक प्रतिवेदनमा वार्षिक लेखापरीक्षण योजनामा परीक्षण तथा प्रतिवेदन गर्नुपर्ने भनी उल्लेख भएका बेहोरा छुटेको देखिएकोले ठूला कारोबार भएका, पूर्वाधार विकास तथा अत्यावश्यक सेवा प्रवाहसँग सम्बन्धित कार्यालय, आयोजना तथा कार्यक्रमको लेखापरीक्षण गर्दा वार्षिक लेखापरीक्षण योजना तथा इकाईगत लेखापरीक्षण योजना बमोजिम जोखिम पहिचान गरी लेखापरीक्षण तथा प्रतिवेदन गर्नुपर्ने देखिन्छ।

काठमाडौं उपत्यकाका महानगरपालिका र नगरपालिकाका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरुसँग अन्तर्क्रिया कार्यक्रम

७ कार्तिक, २०८१

आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण तथा बेरुजु फर्स्यौट लगायतका विषयमा माननीय महालेखापरीक्षकज्यूको उपस्थितिमा उपत्यका भित्रका २ महानगरपालिका र १६ नगरपालिकाका प्रमुख, उप-प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम महालेखापरीक्षकको कार्यालयमा २०८१।७।७ मा सम्पन्न भएको छ। उक्त कार्यक्रममा ललितपुर महानगरपालिकाका नगरप्रमुख समेत ८ नगर प्रमुख, ४ उपप्रमुख, १८ प्रमुख प्रशासकीय अधिकृत, यस कार्यालयका पदाधिकारी एवं अन्य कर्मचारीहरू समेत ६१ जनाको उपस्थिति रहेको थियो।

कार्यक्रमको संचालन नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले गर्नु भएको थियो भने नायब महालेखापरीक्षक श्री तारा प्रसाद पाण्डेले उपस्थित महानुभावहरूलाई कार्यालयमा स्वागत गर्दै कार्यक्रमको औचित्य र विषयवस्तुमाथि प्रकाश पार्नु भएको थियो।

कार्यक्रम अन्तर्गत कार्यालयका उपमहालेखापरीक्षक श्री बामदेव शर्मा अधिकारीले आर्थिक सुशासनका लागि लेखापरीक्षण तथा बेरुजू फर्स्यौट सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो। प्रस्तुतीकरणको क्रममा वहाँले महालेखापरीक्षकको कार्यालय सम्बन्धी संवैधानिक व्यवस्था, कार्यालयको दूरदृष्टि, गन्तव्य, मूल्य मान्यता, लेखापरीक्षण सम्बन्धमा संविधान तथा लेखापरीक्षण ऐनमा भएका व्यवस्था, लेखापरीक्षणको तरिका, प्रकार, लेखापरीक्षण गर्दा लिइने आधार, लेखापरीक्षण प्रक्रिया, बेरुजुका प्रकार, आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षणबाट देखिएका बेरुजुको अवस्था, बेरुजु फर्स्यौटको अवस्था लगायतका बारेमा जानकारी गराउनु भएको थियो। त्यस्तै आर्थिक वर्ष (२०८१।८२) मा गरिने लेखापरीक्षणको कार्ययोजना, लेखापरीक्षणमा विशेष अध्ययन गरिने विषय, उपत्यकाका स्थानीय तहको लेखापरीक्षणबाट गत विगतमा देखिएका प्रमुख बेहोरा र महालेखापरीक्षकको कार्यालयको अपेक्षा सम्बन्धमा समेत वहाँले प्रकाश पार्नुभएको थियो।

कार्यालयको प्रस्तुतीकरण पश्चात् स्थानीय तह प्रमुख, उपप्रमुख, प्रमुख तथा प्रशासकीय अधिकृतहरूले आफ्ना जिज्ञासाहरू राख्नु भएको थियो। ललितपुर महानगरपालिकाका प्रमुख श्री चिरीबाबु महर्जनज्यूले आफ्नो मन्तव्यमा यस प्रकारको कार्यक्रम राख्नु भएकोमा कार्यालयलाई विशेष धन्यवाद दिनुहुँदै विपद्को समयमा स्थानीय तहहरूलाई नियम कानुन अनुसार काम गर्न निकै कठिनाइ हुने गरेको, प्रभावितहरूको अपेक्षा बढी हुने तर सीमित स्रोत, साधनका कारण विपद् प्रभावित जनताको अपेक्षा सम्बोधन गर्न चुनौती रहेकोले यस सम्बन्धमा महालेखापरीक्षकको कार्यालयबाट व्यावहारिक सुझावको अपेक्षा रहेको समेत उल्लेख गर्नुभयो। साथै वहाँले पालिकाहरूले आकस्मिक योजना बनाउनु पर्ने, निश्चित रकम भन्दा माथिका योजनामा As Built Drawing र Maintenance manual अनिवार्य राख्नुपर्ने, सांस्कृतिक सम्पदाहरूको मर्मत सम्भार तथा पुन: निर्मणमा निर्माण व्यवसायी वा सेवा प्रदायक संस्थाहरूको पूर्व- योग्यता मूल्यांकन प्रणाली अनिवार्य गर्नुपर्ने जस्ता विषय समेत राख्नु भएको थियो। भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सांस्कृतिक सम्पदाहरूको पुन;निर्माण ठेक्का प्रक्रियाबाट भन्दा उपभोक्ता समितिहरूबाट गराउँदा राम्रो नतिजा प्राप्त भएको उल्लेख गर्नुभएको थियो। उहाँले विगत लामो समयदेखि पालिकामा काम गरिरहेका अस्थायी तथा करार कर्मचारीहरूको अवकाश व्यवस्थापन गर्ने सम्बन्धमा कठीनाइ रहेको समेत उल्लेख गर्नुभएको थियो।

स्थानीय तहका पदाधिकारीहरूको जिज्ञासा तथा मन्तव्य पश्चात् महालेखापरीकज्यूले कार्यक्रममा उठाइएका जिज्ञासाहरूको सम्बोधन गर्नुहुँदै कार्यक्रमको समापन गर्नु भएको थियो।



कार्यक्रम पश्चात् लिइएको सामूहिक तस्वीर।

महालेखा नियन्त्रकबाट केन्द्रीय वित्तीय विवरण पेश

१४ कार्तिक, २०८१

महालेखा परीक्षकको कार्यालयमा मिति २०८१।७।१४ मा माननीय महालेखापरीक्षक समक्ष महालेखा नियन्त्रक श्री विनोदप्रकाश सिंहले आर्थिक वर्ष २०८०/८१ को केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण पेश गर्नु भयो।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ मा भएको व्यवस्था अनुसार पेश भएको केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरणमा संघीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण, नेपाल सरकारका बजेटरी र गैरबजेटरी निकायहरूको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, , संघीय विभाज्य कोषको वार्षिक विवरण, धरौटी र विविध कोष लगायतका खाताहरूको विवरण, वैदेशिक सहायताको वार्षिक विवरण, नेपाल सरकारको ऋण दायित्वको वार्षिक विवरण, ऋण तथा सेयर लगानीको वार्षिक विवरण लगायतका विवरणहरू समेटिएका छन्। उक्त प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा संघीय संचित कोष रु.२ खर्ब २४ अर्ब ९९ करोड १३ लाखले ऋणात्मक रहेको छ। त्यस्तै राजस्व संकलनको लक्ष्य रु.१२ खर्ब ४७ अर्ब ६३ करोड ४२ लाख रहेकोमा रु. ९ खर्ब ५६ अर्ब २६ करोड ५६ लाख (७६.६५%) मात्र संकलन भएको तथा कुल सार्वजनिक खर्च रु. १३ खर्ब ९३ अर्ब ३९ करोड ४२ लाख भएको देखिन्छ।

कार्यक्रममा आफ्नो मन्तव्य राख्दै महालेखा नियन्त्रकज्यूले केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण तयार गर्दा सकेसम्म त्रुटिरहित गराउन प्रयास गरिएको र यसले राज्यको आर्थिक अवस्थाको यथार्थ चित्रण गर्ने उल्लेख गर्नु भयो। साथै, उहाँले महालेखापरीक्षकको कार्यालयबाट वित्तीय प्रतिवेदनमाथि हुने टिप्पणी आगामी आर्थिक वर्षको आर्थिक कारोबार सञ्चालन तथा वित्तीय प्रतिवेदन तयारीको लागि मार्गदर्शन हुने बताउनुभयो। माननीय महालेखापरीक्षकज्यूले प्राप्त वित्तीय विवरण अनुसार राज्यको वित्तीय अवस्था सन्तोषजनक रहेको नदेखिएको बताउनुहुँदै प्रतिवेदन तयारीमा संलग्न सम्पूर्ण कर्मचारीलाई धन्यवाद दिनुभएको थियो। कार्यक्रममा महालेखापरीक्षकको कार्यालय तथा महालेखा नियन्त्रकको कार्यालयका उच्च व्यवस्थापन तहका कर्मचारीहरूको सहभागिता रहेको थियो।



माननीय महालेखापरीक्षकज्यू समक्ष एकीकृत वित्तीय विवरण पेश गर्ने क्रममा महालेखा नियन्त्रक बिनोद प्रकाश सिंह सहितको टोली।

सार्वजनिक खरिद सम्बन्धी कार्यक्रममा सहभागिता

१ मंसिर, २०८१

न्यायाधीश समाज, नेपालको आयोजनामा काठमाडौंको बुढानीलकण्ठमा मिति २०८१ कार्तिक ३० र मंसिर १ गते सार्वजनिक खरिद सम्बन्धी एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो। उक्त कार्यक्रममा यस कार्यालयका नायब महालेखापरीक्षक श्री हुमनाथ सुवेदी तथा निर्देशक श्री जितेन्द्र श्रेष्ठको सहभागिता रहेको थियो। सार्वजनिक खरिद सम्बन्धमा देखिएका समस्या र समाधानका उपायहरूका सम्बन्धमा सरोकारवालाहरूबीच छलफल गर्ने उद्देश्यले कार्यक्रम आयोजना भएको सो कार्यक्रममा महालेखापरीक्षकको कार्यालयका तर्फबाट नायब महालेखापरीक्षक श्री सुवेदीले प्रस्तुतीकरण गर्नुभएको थियो। वहाँले सार्वजनिक खरिद सम्बन्धमा उठेका बेरुजु र देखिएका समस्या तथा समाधानका उपायहरू सम्बन्धमा आफ्नो धारणा राख्नुभएको थियो। प्रस्तुतिका क्रममा वहाँले महालेखापरीक्षक तथा लेखापरीक्षण सम्बन्धी संवैधानिक, कानूनी र संस्थागत व्यवस्था, लेखापरीक्षणका प्रकार, नेपालले अवलम्बन गरेको अभ्यास, अन्तर्राष्ट्रिय असल अभ्यासहरू, बेरुजुका प्रकार, बेरुजुको अवस्था र सार्वजनिक खरिदमा संलग्न निकायहरूको लेखापरीक्षणबाट देखिएका बेरुजुको प्रवृत्ति सम्बन्धमा उल्लेख गर्नु भएको थियो। कार्यक्रममा अदालतमा सार्वजनिक खरिद सम्बन्धमा रिट तथा मुद्दा बढ्नुका कारणहरू, मुद्दा फैसला प्रक्रिया तथा फैसला कार्यान्वयनमा देखिएका समस्या, सार्वजनिक खरिद प्रक्रियामा देखिएका समस्याहरू तथा सुधारको आगामी कार्यदिशाका सम्बन्धमा विस्तृतमा छलफल भई कार्यक्रम सम्पन्न भएको थियो।

यस कार्यालयको तर्फबाट भएको प्रस्तुतीकरणले कार्यालयको काम, कर्तव्य, अधिकार र जिम्मेवारी तथा कार्यप्रक्रिया सम्बन्धमा माननीय न्यायाधीशहरू तथा निर्माण व्यवसायीहरूमा लेखापरीक्षण र बेरुजु सम्बन्धी विषयमा थप प्रष्ट पार्न महत्वपूर्ण भूमिका खेलेको अपेक्षा गरिएको छ।

नवनियुक्त लेखापरीक्षण अधिकारीहरुलाई स्वागत



स्वागत कार्यक्रम पश्चात् माननीय महालेखापरीक्षकज्यूका साथ उप-महालेखापरीक्षकज्यूहरु, नव नियुक्त लेखापरीक्षण अधिकारीहरु र अन्य कर्मचारीहरु।

२० मंसिर, २०८१

लोक सेवा आयोगको २०८१ मंसिर १८ गतेको सिफारिस बमोजिम कार्यालयमा स्थायी नियुक्ति भएका २४ जना लेखापरीक्षण अधिकारीहरूलाई यस कार्यालयको सभाहलमा मंसिर २० गते स्वागत तथा परिचयात्मक कार्यक्रम गरिएको थियो। कार्यक्रममा माननीय महालेखापरीक्षकज्यू, उपमहालेखापरीक्षकज्यूहरू, नायब महालेखापरीक्षकज्यूहरू लगायत कार्यालयका अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन नायब महालेखापरीक्षक श्री श्रीकुमार राईले गर्नुभएको थियो। परिचयको क्रममा नव प्रवेशी लेखापरीक्षण अधिकारीहरूले विगतमा कुनै सार्वजनिक सेवामा वा अन्य क्षेत्रमा काम गरेकोमा सोको अनुभव समेत सुनाउनुभएको थियो।

माननीय महालेखापरीक्षकज्यूले सम्पूर्ण लेखापरीक्षण अधिकारीहरूलाई स्वागत तथा उज्वल भविष्यको शुभकामना व्यक्त गर्नुभएको थियो। संविधान तथा प्रचलित कानून बमोजिम महालेखापरीक्षकको कार्यालयले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता तथा औचित्य समेतको आधारमा सरकारी कोषको लेखापरीक्षण गर्ने बेहोरा राख्नुभएको थियो। महालेखापरीक्षकको कार्यालयको दूरदृष्टि तथा मूल्य मान्यतालाई अनुशरण गरी पदीय आचरण तथा मर्यादामा रहेर समग्र वित्तीय सुशासन कायम गर्दै सार्वजनिक कोषको सदुपयोग र सार्वजनिक सम्पत्तिको संरक्षण भएको सुनिश्चित गर्न सबै दत्तचित्त भएर लाग्न ध्यानाकर्षण समेत गराउनु भयो।

कोशी प्रदेश सरकारसँग लेखापरीक्षण, बेरुजु फर्स्यौट तथा सम्परीक्षण सम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम



कोशी प्रदेश सभाका सभामुखबाट सम्मान पत्र ग्रहण गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू।

२५ मंसिर, २०८१

नेपालको संविधान बमोजिम सङ्घीय सरकार,प्रदेश सरकार र स्थानीय तहको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था रहेको छ। महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण नीति तथा योजना तथा महालेखापरीक्षकको कार्यालयको आर्थिक वर्ष २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार माननीय महालेखापरीक्षकज्यू, उपमहालेखापरीक्षक तथा नायब महालेखापरीक्षक सहितको टोलीबाट मिति २०८१ मंसीर २४ र २५ गते कोशी प्रदेशको सार्वजनिक लेखा समिति तथा प्रदेश सरकारसँग लेखापरीक्षण, बेरुजु फर्स्यौट, सम्परीक्षण लगायतका विषयमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको थियो।

कोशी प्रदेश सभाका सभामुख तथा उपसभामुखसँग भेटघाट तथा छलफल

माननीय महालेखापरीक्षक श्री तोयम राया, उपमहालेखापरीक्षक श्री पदमराज पौडेल, प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कोशी प्रदेशका नायब महालेखापरीक्षक श्री बालकृष्ण थापा, निर्देशकहरू श्री शिव प्रसाद आचार्य, श्री उमेश सुवेदी, श्री सन्तोष सापकोटा, श्री रमेश सुवेदी, श्री डुलहरि दाहाल लगायतको उपस्थितिमा कोशी प्रदेश सभाको सभामुख माननीय अम्बर बहादुर विष्ट, उपसभामुख माननीय सृजना दनुवारसँग लेखापरीक्षण तथा सम्परीक्षण सम्बन्धमा छलफल भएको छ। उक्त भेटघाट कार्यक्रममा प्रदेश सभा सचिवालयका सचिव श्री गोपाल प्रसाद पराजुलीले वार्षिक लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा जानकारी गराउनु भएको थियो। सो कार्यक्रममा माननीय सभामुखज्यूले महालेखापरीक्षकको कार्यलयबाट हुने लेखापरीक्षण तथा वार्षिक प्रतिवेदनले आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै कोशी प्रदेश सरकारको बेरूजु कानून बमोजिम निर्धारित समयमा फर्स्यौट गर्ने, सार्वजनिक खर्चमा मितव्ययिता र आश्वस्तता कायम गर्ने, प्रकृयाभन्दा नतिजामा ध्यान दिई वित्तीय अनुशासन कायम गर्ने र मानव संशाधनको क्षमता विकास गर्नुपर्ने विचार व्यक्त गर्नु भएको थियो। माननीय महालेखापरीक्षकज्यूले वार्षिक प्रतिवेदनमा औंल्याइएका बेहोराहरूको सम्बन्धमा समयमा छलफल गरी फर्स्यौट गर्न सकेमा वित्तीय सुशासन कायम हुने र वर्सेनि एउटै प्रकृतिका बेहोरा नदोहोरिने धारणा व्यक्त गर्नुभएको थियो।

कोशी प्रदेश सभाको सार्वजनिक लेखा समितिको ३२ औं बैठकमा सहभागिता

कोशी प्रदेश सभा सार्वजनिक लेखा समितिका सभापति माननीय राजन किराँतीको अध्यक्षतामा माननीय महालेखापरीक्षक श्री तोयम राया, समितिका माननीय सदस्यहरू किशोर चन्द्र दुलाल, भीम पराजुली, छविलाल चुँडाल,लखि कुमारी गणेश तथा कार्यलयका उपमहालेखापरीक्षक श्री पदमराज पौडेल,प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेशका नायब महालेखापरीक्षक श्री बालकृष्ण थापा लगायत लेखापरीक्षणमा खटिएका कर्मचारीहरू कोशी प्रदेश सभाको सार्वजनिक लेखा समितिको ३२ औं बैठकमा सहभागी हुनुभएको थियो। उक्त बैठकमा सार्वजनिक लेखा समितिका सचिव श्री निरज ढकालले सार्वजनिक लेखा समितिको कार्य प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो। यसै गरी महालेखापरीक्षकको कार्यालयको तर्फबाट नायब महालेखापरीक्षक श्री बालकृष्ण थापाले छैठौं वार्षिक प्रतिवेदनसम्मको प्रमुख बेहोरा, कुल बेरुजु तथा फर्स्यौट गर्न बाँकी बेरुजुको अवस्था सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो। सो अवसरमा समितिका माननीय सदस्यज्यूहरूबाट राखिएका जिज्ञासाका सम्बन्धमा माननीय महालेखापरीक्षकज्यूले सम्बोधन गर्नुभएको थियो । समितिका सभापति माननीय राजन किराँतीले महालेखापरीक्षकको पाँचौ वार्षिक प्रतिवेदनमा उल्लिखित दफा उपर छलफल प्रदेश सभामा पेश गरी कार्यान्वयनको लागि पठाइएको बेहोरा जानकारी गराउनु भएको थियो।



कोशी प्रदेश सभाका सभामुखसँग भेटघाट पश्चात् लिइएको सामूहिक तस्वीर।

प्रदेश सरकारका पदाधिकारीहरूसँग भेटघाट तथा अन्तर्क्रिया कार्यक्रम

२५ मंसिर, २०८१

माननीय महालेखापरीक्षक श्री तोयम रायासहितको टोली तथा कोशी प्रदेश सरकारका मुख्यमन्त्री सहितका पदाधिकारीहरूबीच मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय विराटनगरमा भेटघाट तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा माननीय मुख्यमन्त्री हिक्मतकुमार कार्की, माननीय महालेखापरीक्षक तोयम राया, कोशी प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय राम बहादुर मगर, भौतिक पूर्वाधार विकास मन्त्री माननीय भूपेन्द्र राई, सामाजिक विकास मन्त्री माननीय पाँचकर्ण राई, उद्योग, कृषि तथा सहकारी मन्त्री माननीय खगेनसिंह हाङ्गाम, पर्यटन, वन तथा वातावरण मन्त्री माननीय सदानन्द मण्डल, आन्तरिक मामिला तथा कानुन मन्त्री माननीय रेवतीरमण भण्डारी, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका माननीय राज्यमन्त्री सिर्जना राई, भौतिक पूर्वाधार विकास मन्त्रालयका माननीय राज्यमन्त्री भूमिप्रसाद राजवंशी लगायतको उपस्थिति रहेको थियो। यसै गरी उप-महालेखापरीक्षक श्री पदमराज पौडेल, प्रमुख सचिव श्री केदारनाथ शर्मा, नायब महालेखापरीक्षक श्री बालकृष्ण थापा, प्रदेश सचिवहरू, प्रदेश लेखा नियन्त्रक श्री दामोदर खत्री, महालेखापरीक्षकको कार्यालयका निर्देशक श्री शिव

प्रसाद आचार्य, निर्देशक रमेश सुवेदी, प्रदेश सरकारका निर्देशनालय प्रमुखहरू, मन्त्रालय तथा निर्देशनालयका लेखा प्रमुखहरू लगायतका कर्मचारी तथा पदाधिकारीहरूसमेतको उपस्थितिमा वार्षिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको अवस्था, बजेट, कार्यक्रम लगायतका विषयहरूमा छलफल तथा अन्तर्क्रिया कार्यक्रम भएको थियो।

उक्त कार्यक्रममा प्रदेशको आन्तरिक लेखापरीक्षण, वित्तीय अनुशासन अवस्था लगायतको विषयमा प्रदेश लेखा नियन्त्रक श्री खत्रीले प्रस्तुतीकरण गर्नु भएको थियो। प्रदेशको समग्र आर्थिक अवस्थाको बारेमा आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रदेश सचिव श्री शंकर नेपालले प्रस्तुतीकरण गर्नु भएको थियो। कोशी प्रदेशको ६ वटा वार्षिक प्रतिवेदनमा देखिएका समग्र बेहोरा लगायतका विषयमा उपमहालेखापरीक्षक श्री पदमराज पौडेलले प्रस्तुतीकरण गर्नु भएको थियो।

प्रस्तुतीकरण पश्चातको छलफल तथा अन्तर्क्रिया कार्यक्रममा सहभागीहरूबाट Nepal Audit Management System (NAMS) मा पठाइएका प्रतिक्रिया समयमा नै फर्स्यौट नभएको, बेरूजुमा एकरुपता नभएको, एउटै प्रकृतिको कार्यमा कुनै निकायमा सैद्धान्तिक तथा कुनै निकायमा लगती गर्ने गरिएको, वार्षिक प्रतिवेदनमा उल्लिखित बेरूजुको फर्स्यौट विधि, पूर्वाधार विकास तथा खरिद व्यवस्थापन, ठेक्काको म्याद थप, मूल्य समायोजन तथा भेरिएसन, उपभोक्ता समिति परिचालन लगायतका विषयमा गुनासा तथा सुझावहरू प्राप्त भएका थिए।

उक्त कार्यक्रममा कोशी प्रदेशका प्रमुख सचिव श्री केदारनाथ शर्माले प्रदेशको मुख्य मुख्य बेरुजुको प्रवृत्ति उल्लेख गर्दै प्रदेश सचिव एवं कार्यालय प्रमुखहरूलाई आफ्नो मन्त्रालय/कार्यालयको बेरूजु न्यूनीकरणको लागि निर्देशन दिनु भयो। साथै प्रारम्भिक प्रतिवेदन जारी प्रश्चात् समयमा नै प्रतिक्रिया पेश गर्न प्रदेश सरकारका सम्पूर्ण जिम्मेवार कर्मचारीलाई निर्देशन दिनुका साथै प्रारम्भिक प्रतिवेदन उपर पेश भएका प्रतिक्रियाको समयमा नै सम्बोधन गरिदिन महालेखापरीक्षकको कार्यालयलाई अनुरोध गर्नुभयो। आर्थिक कार्यविधि सम्बन्धी ऐन, नियममा आधारित भएर खर्च गर्नु पर्ने तथा लेखाउत्तरदायी अधिकृतको भूमिका अनुसार बजेट तर्जुमा, निकासा, खर्च तथा लेखांकन र लेखापरीक्षणमा प्रचलित कानुनले तोकेको जिम्मेवारी र जवाफदेहिता पुरा गरी आर्थिक अनुशासन कायम गर्न पहल गर्नु पर्ने धारणा राख्नु भएको थियो।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षणको विधि, प्रक्रिया, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानदण्ड, असल अभ्यास लगायतका विषयमा जानकारी गराउनुहुँदै लेखापरीक्षणको व्यवस्थापन र कार्यविधिमा सुधार गर्दै लगिएको जानकारी गराउनु भयो। लेखापरीक्षकले लेखापरीक्षणको प्रवेश तथा बहिर्गमन बैठकमा सबै जिम्मेवार पदाधिकारी तथा लेखाउत्तरदायी अधिकृत लगायतका पदाधिकारीहरूलाई अनिवार्य रुपमा सहभागी गराउने, लेखापरीक्षकले माग गरेको लेखा, खेस्ता तथा विवरणहरू समयमा नै उपलब्ध गराउने, बहिर्गमन बैठकमा लेखापरीक्षकबाट औंल्याइएका व्यहोरा उपर छलफल गर्ने र प्रारम्भिक प्रतिवेदन जारी पश्चात् कानुन अनुसार ३५ दिनभित्र प्रतिक्रिया तथा जवाफ दिने व्यवस्था गर्न सबै लेखा उत्तरदायी अधिकृतलाई आग्रह गर्नु भएको थियो। त्यस्तै वहाँले आर्थिक कारोबार ले सही र यथार्थ चित्रण गरेको, आर्थिक कारोबारहरू गर्दा प्रचलित कानुन अनुसार खर्च भएको, खर्चको नतिजा हासिल भएको जस्ता पक्षमा आश्वस्त हुने गरी कार्य गर्नुपर्ने धारणा राख्नुभयो। लेखापरीक्षण सकारात्मक रुपमा शुरू हुने कानुन तथा कार्यविधि अनुसार कार्य भएमा रुजु हुने, लेखापरीक्षकले लेखापरीक्षणको क्रममा वित्तीय कारोबार र कानुनको परिपालना तथा नतिजाको विश्लेषण गर्ने लगायतका विषयमा वहाँले जानकारी गराउनुभएको थियो। यसै गरी लेखापरीक्षण गरिने निकायको जोखिमको आधारमा विस्तृत लेखापरीक्षण र संक्षिप्त लेखापरीक्षणको योजना तयार गरी माथिल्लो तहबाट लेखापरीक्षण योजना स्वीकृति हुने र सोको आधारमा लेखापरीक्षणको खाका तयार हुने, लेखापरीक्षकले पनि इमान्दारीपूर्वक आफ्नो जिम्मेवारी र जवाफदेहिता निर्वाह गर्नुपर्ने, प्रतिवेदन जारी पूर्वको गुणस्तर आश्वस्तता र प्रतिवेदन जारी पछिको गुणस्तरको आश्वस्तता तथा समकक्षी पुनरावलोकनसमेतको व्यवस्था रहेको व्यहोरा समेत जानकारी गराउनु भयो। त्यस्तै आर्थिक अनुशासनका माध्यमबाट समग्र सुशासन कायम हुने भएकोले समग्र वित्तीय व्यवस्थापनका चरणहरू नीति निर्माण, बजेट तर्जुमा, स्वीकृति, निकासा तथा खर्च व्यवस्थापन, लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षण एवं पृष्ठपोषणमा संलग्न सबै पक्षको जिम्मेवारी र जवाफदेहिता कायम हुन सकेमा अपेक्षित लक्ष्य हासिल हुनुका साथै प्रचलित ऐन, नियमले तोकेको समयावधिभित्र बेरुजु फर्स्यौट भएमा वित्तीय स्वच्छता र सुशासन कायम हुने धारणा राख्दै वहाँले लेखाउत्तरदायी अधिकृतबाट राखिएको जिज्ञासाको सम्बोधन गर्नुभएको थियो।

माननीय मुख्यमन्त्रीज्यूले वित्तीय उत्तरदायित्व निर्वाह गर्न हरेक मन्त्रालयलाई निर्देशन दिएको र यसमा कुनै किसिमको बहानाबाजी गर्ने छुट कसैलाई पनि नभएको धारणा राख्नु भएको थियो। आवश्यक पुष्ट्याइँ तथा कागजपत्र समयमा पेश नगर्दा प्रदेश सरकार तथा मातहत निकायमा बेरुजु देखिने गरेको हुँदा राजनीतिक नेतृत्वको दबाब तथा अन्य प्रकारका प्रभावमा परेर कुनै किसिमको नियम, कानुन विपरीत गलत काम नगर्न सबैलाई निर्देशन दिनुभयो। यसै गरी वहाँले महालेखापरीक्षकको कार्यालयले आयोजना गरेको यस्तो अन्तर्क्रिया कार्यक्रमबाट आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै महालेखापरीक्षकको कार्यालयलाई धन्यवाद ज्ञापन गर्नु भयो।

सरोकारवालाहरुसँग भर्चुअल बैठक मार्फत अन्तर्क्रिया कार्यक्रम


१४ पौष, २०८१

महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण कार्यलाई पारदर्शी र प्रभावकारी बनाउने उदेश्यले सरोकारवालाहरूसँग नियमित रुपमा अन्तर्क्रिया गर्दै आएको छ। यस वर्ष भौतिक उपस्थितिका साथै भर्चुअल माध्यमबाट समेत अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको छ। पहिलो, दोस्रो तथा तेस्रो चरणको लेखापरीक्षणको अवधिमा ४ पटक सरोकारवालाहरूसँग भर्चुअल माध्यमबाट अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। माननीय महालेखापरीक्षक तोयाम रायाज्यूको उपस्थितिमा स्थलगत लेखापरीक्षणमा खटिएका लेखापरीक्षण टोली प्रमुख र सम्बन्धित सरोकारवालाहरूसँग २०८१ भदौ १७, असोज ०२, मंसिर २२ र पौष १४ गते गरी चार (४) पटक भर्चुअल माध्यमबाट अन्तर्क्रिया तथा छलफल सम्पन्न भएको छ। वार्षिक लेखापरीक्षण योजना, २०८१ बमोजिम प्रथम पटक सञ्चालन गरिएको यस प्रकारको नयाँ अभ्यासमा सरोकारवालाहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यालयको जुम मिटिङ्गको क्षमता ५०० जना मात्र रहेकोमा कुनै कुनै कार्यक्रममा सहभागी हुन चाहने सरोकारवालाहरूको संख्या ५०० भन्दा बढी भएर सहभागी हुन नपाएको गुनासो समेत आएको थियो। उक्त कार्यक्रममा कार्यालयको तर्फबाट उप-महालेखापरीक्षक श्री बामदेम शर्मा अधिकारी तथा अन्य उच्च अधिकारीहरूको समेत उपस्थिति रहेको थियो।

उक्त भर्चुअल कार्यक्रममा उप-महालेखापरीक्षक श्री अधिकारीज्यूले महालेखापरीक्षकको कार्यालयको परिचय, कार्यक्रमको उद्देश्य र कार्यप्रकृतिका सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो। बैठकमा स्थानीय तहका अधिकांश जनप्रतिनिधिहरूले जनताको आवश्यकता सम्बोधन गर्नका लागि काम गर्ने क्रममा यदाकदा कानुनमा भएका कुराहरू पालना गर्न छुटेको हुनसक्ने भएको हुँदा विषयको गाम्भीर्यता समेत हेरेर लेखापरीक्षण गरिदिन आग्रह गर्नुभयो। साथै स्थानीय तहहरूमा बेरुजु भनेको भ्रष्टाचार हो भन्ने भ्रम नागरिहरूमा रहेको हुँदा बेरुजुको कारण समाजमा जनप्रतिनिधि र कर्मचारीको छवि नराम्रो बनेको समेत बताउनुभयो। संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरूले सम्परीक्षण तथा बेरुजुमा एकरुपता लगायतका विषयमा जिज्ञासा राख्नुभएको थियो। उक्त बैठकमा सरोकारवालाहरूले लेखापरीक्षणका क्रममा देखिएका समस्याहरू र लेखापरीक्षणलाई थप प्रभावकारी बनाउन अपनाउनु पर्ने उपायहरू सुझाउनुका साथै यस्ता बैठकलाई आगामी दिनमा पनि निरन्तरता दिन अनुरोध गर्नुभयो।

कार्यक्रममा उठेका जिज्ञासा तथा गुनासाहरूलाई सम्बोधन गर्नुहुँदै उप-महालेखापरीक्षक श्री अधिकारीले बेरुजुमा एकरुपता कायम गर्न महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षणमा खटिएका टोलीहरूलाई यस अघि निर्देशन दिइसकेको साथै समय-समयमा लेखापरीक्षण टोलीलाई विभिन्न सञ्चार माध्यमबाट समेत निर्देशन दिनेगरेको विषय स्पष्ट पर्नुभयो। सम्परीक्षणका सम्बन्धमा डोरमा टोली खटिएको समयमा लेखापरीक्षण टोलीसँग सम्पर्क गर्न र अन्य समयमा महालेखापरीक्षकको कार्यालयमा सम्पर्क गर्न समेत आग्रह गर्नुभयो। साथै देशमा समग्र आर्थिक अनुशासन कायम गर्नका लागि नेपालको संविधान, लेखापरीक्षण ऐन २०७५, अन्य प्रचलित ऐन, नियम तथा अन्तर्राष्ट्रिय अभ्यासहरू समेतलाई अवलम्बन गरी लेखापरीक्षण कार्यलाई वस्तुनिष्ठ बनाउन महालेखापरीक्षकको कार्यालय सदैव तत्पर रहेको बताउनुभयो। यस वर्ष महालेखापरीक्षकको कार्यालयले विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा भएको खर्च, सूचना प्रविधिजन्य विषयमा भएको खर्च, विस्तृत परियोजना प्रतिवेदन (DPR) मा भएको खर्च तथा तीन वटै तहका सरकारले वितरण गर्ने अनुदान सम्बन्धी खर्चलाई विशेष जोड दिएर लेखापरीक्षण गर्ने उल्लेख गर्नुभयो।

समापन मन्तव्यका क्रममा माननीय महालेखापरीक्षकले यो कार्यक्रम सरोकारवालाहरूसँग सुझाव सल्लाह लिन र लेखापरीक्षण प्रणालीलाई थप प्रभावकारी बनाउन सञ्चालन गरिएको बताउनु भयो। महालेखापरीक्षकको कार्यालयले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको आधारमा लेखापरीक्षण गर्ने बताउँदै कार्यालयका कर्मचारीहरूलाई प्रवेश बैठक र बहिर्गमन बैठकमा सकेसम्म धेरै पदाधिकारी तथा कर्मचारी सहभागी हुने व्यवस्था गर्नुहुन र उहाँहरूको धारणा सुन्न निर्देशन गरिएको विषय समेत राख्नुभएको थियो। प्रत्येक बैठकमा अपेक्षा गरिए भन्दा बढी सरोकारवालाहरूको सहभागिताले आगमी दिनमा यस कार्यक्रमलाई निरन्तरता दिन थप हौसला मिलेको धारणा व्यक्त गर्दै वहाँले सहभागी सबैलाई धन्यवाद दिनुभयो।



महालेखापरीक्षकको कार्यालयले आयोजना गरेको भर्चुअल बैठकको एक झलक।

कार्यमूलक लेखापरीक्षण सम्बन्धी कार्यशाला



माननीय महालेखापरीक्षकज्यूको साथमा उपमहालेखापरीक्षकज्यूहरु, श्रीलंकाका Deputy Auditor General Mr. Senarath Bandara Ratnanayake को नेतृत्वमा आएको टोली, विश्व बैंकका प्रतिनिधि र अन्य कार्मचारीहरु।

२१ मंसिर, २०८१

महालेखापरीक्षकको कार्यालय, काठमाडौंमा नेशनल अडिट अफिस अफ श्रीलंकाको प्रस्तावमा मिति-२०८१/०८/१७ देखि २१ सम्म 'Engagement of Civil Society Organizations (CSOs) in Performance Audit' विषयक पाँच दिने कार्यशाला सञ्चालन भएको थियो।

माननीय महालेखापरीक्षक तोयम रायाको समुपस्थितिमा शुभारम्भ भएको उक्त कार्यशालमा यस कार्यालयका उपमहालेखापरीक्षकहरू, नायब महालेखापरीक्षकहरू, श्रीलंकाका Deputy Auditor General Mr. Senarath Bandara Ratnanayake को नेतृत्वमा आएको टोली, विश्व बैंकका प्रतिनिधिहरू र अन्य कर्मचारीहरू तथा नागरिक समाज समुहका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो। उक्त कार्यशालामा कार्यमूलक लेखापरीक्षणमा नागरिक समाज संगठनका आवद्धता सम्बन्धमा दुई देशमा रहेका सैद्धान्तिक तथा व्यावहारिक अभ्यासहरूको आदानप्रदान भएको थियो। सो अवसरमा यस कार्यालयबाट यो वर्ष सञ्चालन गरिने कार्यमूलक लेखापरीक्षणहरूमध्येमा, पनौती नगरपालिका, काभ्रेपलाञ्चोक जिल्लामा कृषि तथ पशुपंक्षी बीमा कार्यक्रमको प्रभावकारिता र नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजनाको प्रभावकारिता सम्बन्धी विषयको स्थलगत अवलोकन तथा अन्तरक्रिया समेत गरिएको थियो। अन्तरक्रिया कार्यक्रम अन्तर्गत कृषि तथा पशु बीमा कार्यक्रम सम्बन्धमा नागरिक समाज समूहको तर्फबाट National campaign for sustainable- Nepal का दयासागर श्रेष्ठको समूह तथा नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना सम्बन्धमा जनचेतना युवा समूहका रमेश प्रसाद न्यौपानेको समुह सहभागी भएको थियो।

कार्यक्रममा आफ्नो धारणा राख्नु हुँदै माननीय महालेखापरीक्षकज्यूले यस्तो कार्यक्रमले कार्यमूलक लेखापरीक्षणको विषय छनौट, लेखापरीक्षण योजना तथा कार्यान्वयन र प्रतिवेदनमा थप प्रभाकारिता ल्याउने विश्वास व्यक्त गर्नुभयो।

मधेश प्रदेश सरकारसँग लेखापरीक्षण, बेरुजु फर्स्यौंट तथा सम्परीक्षण सम्बन्धी छलफल तथा अन्तर्क्रिया

२७ मंसिर, २०८१

नेपालको संविधान बमोजिम संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको लेखापरीक्षण गर्ने अधिकार तथा जिम्मेवारी महालेखापरीक्षकलाई रहेको छ। वार्षिक लेखापरीक्षण नीति तथा योजना, २०८१ बमोजिम आर्थिक वर्ष २०८०।८१ को लेखापरीक्षण अन्तर्गत पहिलो चरणमा ४१ जिल्लाको लेखापरीक्षण सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। हाल बाँकी ३६ जिल्लाको लेखापरीक्षण कार्य भइरहको छ। सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संस्था (ईन्टोसाई)को Engagement with Stakeholders भन्ने नीति तथा महालेखापरीक्षकको कार्यालयको आर्थिक वर्ष २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार हाल प्रदेश सरकार मातहतका निकायहरूको लेखापरीक्षण सञ्चालन भइरहेको समयमा माननीय महालेखापरीक्षक, उप-महालेखापरीक्षक तथा सम्बन्धित प्रदेशका नायब महालेखापरीक्षकसहितको टोलीले मिति २०८१ साल मंसिर २६ र २७ गते मधेश प्रदेशका माननीय प्रदेश प्रमुखसँग शिष्टाचार भेट, मधेश प्रदेश सरकारसँग लेखापरीक्षण, बेरुजु फर्स्यौंट तथा सम्परीक्षण लगायतका विषयमा छलफल तथा अन्तर्क्रिया एवं सार्वजनिक लेखा समितिका पदाधिकारीहरूसँग छलफल कार्यक्रम सम्पन्न भएको थियो।

प्रदेश प्रमुख सँग शिष्टाचार भेट

माननीय महालेखापरीक्षक श्री तोयम राया, उपमहालेखापरीक्षक श्री पदमराज पौडेल, नायब महालेखापरीक्षक श्री इन्द्र प्रसाद आचार्य, निर्देशक श्री हिरामणि निरौला, निर्देशक श्री रमेश सुवेदी, निर्देशक श्री राज कुमार बोहरा लगायतको टोलीले मधेश प्रदेश प्रमुख माननीय सुमित्रा सुवेदी भण्डारीसँग मिति २०८१ मंसिर २६ गते प्रदेश प्रमुखको कार्यालयमा शिष्टाचार भेट गरेको छ। सो अवसरमा माननीय महालेखापरीक्षकज्यूले यस वर्षको वार्षिक लेखापरीक्षण नीति तथा योजना अनुसार लेखापरीक्षण भइरहेको र लेखापरीक्षणबाट औंल्याइएका प्रमुख बेहोरा समावेश गरी वार्षिक प्रतिवेदन तयार गरी माननीयज्यूसमक्ष पेश हुने तथा सो प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल हुने लगायतका विषयमा जानकारी गराउनु भयो। उक्त अवसरमा माननीय प्रदेश प्रमुखले मुख्यमन्त्री तथा सभामुखज्यूलाई महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको सन्दर्भमा समय समयमा ध्यानाकर्षण गराउने गरेको, प्रतिवेदनमा औंल्याइका विषयहरू समयमा नै समाधान गर्न सकेमा आर्थिक अनुशासन र वित्तीय जवाफदेहितामा बढोत्तरी हुने धारणा राख्नु भएको थियो। वहाँले महालेखापरीक्षकको सफल कार्यकालको शुभकामना समेत व्यक्त गर्नु भयो।



माननीय मधेश प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीसँग शिष्टाचार भेटका क्रममा माननीय महालेखापरीक्षक तोयम राया र अन्य कर्मचारीहरु।

मधेश प्रदेश सरकारसँग छलफल तथा अन्तर्क्रिया

मधेश प्रदेशमा आयोजित लेखापरीक्षण व्यवस्थापन विषयक अन्तर्क्रिया कार्यक्रममा माननीय महालेखापरीक्षक तोयम राया, मधेश प्रदेश सरकारका अर्थ मन्त्री, माननीय सुनिल कुमार यादव, भौतिक पूर्वाधार विकास मन्त्री, माननीय सुरोज कुमार यादव श्रम तथा यातायात मन्त्री, माननीय कौशल किशोर राय खेलकुद तथा समाज कल्याण मन्त्री माननीय प्रमोद जयसवाल, प्रदेश नीति योजना आयोगका उपाध्यक्ष डा. सोहन शाह, मुख्य न्यायाधिवक्ता श्री सुरेन्द्र महतो, प्रमुख सचिव श्री लोकनाथ पौडेल, उपमहालेखापरीक्षक श्री पदमराज पौडेल, नायब महालेखापरीक्षक श्री इन्द्र प्रसाद आचार्य, प्रदेश सचिवहरू, प्रदेश लेखा नियन्त्रक डा. वीरेन्द्र कुमार मिश्र, महालेखापरीक्षकको कार्यालयका निर्देशकहरू श्री हिरामणि निरौला, रमेश सुवेदी, श्री राजकुमार बोहरा, प्रदेश निर्देशनालय प्रमुखहरू, मन्त्रालय तथा निर्देशनालयका लेखा प्रमुखहरू लगायतका कर्मचारी तथा पदाधिकारीहरूको उपस्थिति रहेको थियो।

उक्त कार्यक्रममा प्रदेशको आन्तरिक लेखापरीक्षणको अवस्था लगायतका विषयमा प्रदेश लेखा नियन्त्रक डा. वीरेन्द्र कुमार मिश्र र प्रदेशको समग्र आर्थिक अवस्थाको बारेमा अर्थ मन्त्रालयका प्रदेश सचिव श्री रामकुमार महतोले प्रस्तुति गर्नु भएको थियो। मधेश प्रदेशको ६ वटा वार्षिक प्रतिवेदनमा देखिएका प्रमुख बेहोरा तथा सातौं प्रतिवेदनको तयारीका क्रममा हाल सञ्चालनमा रहेको लेखापरीक्षणका बारेमा उपमहालेखापरीक्षक श्री पदमराज पौडेलले प्रस्तुतीकरण गर्नु भएको थियो।

यसैगरी सो अवसरमा प्रदेश सरकारको तर्फबाट प्रमुख सचिव श्री लोकनाथ पौडेलले वित्तीय व्यवस्थापनको चरणहरू, लेखापरीक्षण पूर्व र प्रारम्भिक प्रतिवेदन जारी पश्चात् ध्यान दिनु पर्ने पक्षहरूका साथै लेखापरीक्षणबाट औंल्याइएका विषयमा गरिएको सम्बोधनका बारेमा प्रस्तुतीकरण गर्नु भएको थियो।

प्रस्तुतीकरण पश्चातको छलफल तथा अन्तर्क्रिया कार्यक्रममा सहभागीहरूले Nepal Audit Management System (NAMS) मा पठाइएका प्रतिक्रिया समयमा नै फर्स्यौट नभएको, बेरूजुमा एकरुपता नभएको, एउटै प्रकृतिको कारोबारमा कुनै निकायमा सैद्धान्तिक तथा कुनै निकायमा लगती बेरुजु कायम हुने गरेको, वार्षिक प्रतिवेदनमा उल्लिखित बेरूजुको फर्स्यौट विधि, पूर्वाधार विकास तथा खरिद व्यवस्थापन, ठेक्काको म्याद थप, मूल्य समायोजन तथा भेरिएसन, उपभोक्ता समितिबाट निर्माण कार्य व्यवस्थापन लगायतका विषयमा जिज्ञासा राखुभएको थियो।

कार्यक्रमका अवसरमा प्रमुख सचिव श्री पौडेलले प्रदेशको मुख्य मुख्य बेरुजुको प्रवृत्तिबारे जानकारी गराउँदै, प्रदेश सचिव एवं कार्यालय प्रमुखहरूलाई आफ्नो मन्त्रालय/कार्यालयको बेरूजु न्यूनीकरणको लागि निर्देशन दिनु भयो। साथै प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया समयमै टुङ्गाइदिन महालेखापरीक्षकको लेखापरीक्षण टोलीलाई समेत ध्यानाकर्षण गराउनु भयो। आर्थिक कार्यविधि सम्बन्धी ऐन, नियममा आधारित भएर खर्च गर्नु पर्ने तथा लेखाउत्तरदायी अधिकृतको भूमिका अनुसार बजेट तर्जुमा, निकासा, खर्च तथा लेखांकन र लेखापरीक्षणमा प्रचलित कानूनले तोकेको जिम्मेवारी र जवाफदेहिता पूरा गरी आर्थिक अनुशासन कायम गर्नु पर्ने धारणा समेत वहाँले राख्नु भयो।

माननीय अर्थमन्त्री श्री सुनिल कुमार यादवज्यूले खर्चको नर्म्स र कानुनी दायरामा रही खर्च गर्ने तथा पुँजीगत खर्चको बढोत्तरी गर्ने, स्थानीय तहले विभाज्य कोषमा राख्नु पर्ने राजस्व एकल कोषमा राखेको विषय लेखापरीक्षणको क्रममा हेर्नु पर्ने, अपेक्षित रूपमा प्रदेश सरकारको आयमा बढोत्तरी हुन नसकेको लयायतका विषयमा सबै मन्त्रालयका लेखाउत्तरदायी अधिकृत र जिम्मेवार पदाधिकारीलाई ध्यानाकर्षण गराउनु भयो। साथै वहाँले यस्ता अन्तर्क्रिया कार्यक्रमले आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास व्यक्त गर्दै महालेखापरीक्षकको कार्यालयलाई धन्यवाद ज्ञापन गर्नु भयो।



मधेश प्रदेश सरकारसँग भएको छलफल तथा अन्तर्क्रियाको एक झलक।

कार्यक्रममा माननीय महालेखापरीक्षक तोयम रायाले लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानदण्ड एवं असल अभ्यासका बारेमा जानकारी गराउनुहुँदै समग्र लेखापरीक्षण व्यवस्थापन र कार्यविधिमा सुधार गर्दै लगिएको विषय जानकारी गराउनुभयो। यसै गरी वहाँले लेखापरीक्षकले लेखापरीक्षणको प्रवेश तथा बहिर्गमन बैठकमा सबै जिम्मेवार पदाधिकारी तथा लेखाउत्तरदायी अधिकृतको अनिवार्य रुपमा सहभागी हुने, लेखापरीक्षकले माग गरेको लेखा, स्रेस्ता तथा विवरणहरू समयमा उपलब्ध गराउने, बहिर्गमन बैठकमा लेखापरीक्षण प्रतिवेदनको प्रारम्भिक मस्यौदाउपर छलफल गर्ने र प्रारम्भिक प्रतिवेदन जारी पश्चात् कानुन अनुसारको म्याद भित्र प्रतिक्रिया तथा जवाफ दिने व्यवस्था गर्न लेखा उत्तरदायी अधिकृत तथा मन्त्रीज्यूहरूलाई आग्रह गर्नु भयो। आर्थिक कारोबारहरू गर्दा प्रचालित कानुन अनुसार खर्च भए/नभएको, खर्चको नतिजा उपलब्धिमूलक भए/नभएको भन्ने विषयमा आश्वस्तता लिनसमेत वहाँले अनुरोध गर्नु भयो। प्रदेश सरकारको वार्षिक बजेटमा रहेको नगद मौज्दातलाई समयमा पूर्वाधार लगायतका उत्पादनशील क्षेत्रमा खर्च गर्न सकेमा अर्थतन्त्रमा यसको गुणात्मक प्रभाव सिर्जना भई उत्पादन तथा रोजगारीको अवसर सिर्जना हुने धारणा समेत माननीमहालेखापरीक्षकज्यूले राख्नुभयो।

प्रदेश सभाका सभामुख तथा सार्वजनिक लेखा समितिका सभापति एवं माननीय सदस्यहरूसँग भेटघाट तथा छलफल

माननीय महालेखापरीक्षक तोयम राया, उपमहालेखापरीक्षक श्री पदमराज पौडेल, प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेशका नायब महालेखापरीक्षक श्री इन्द्र प्रसाद आचार्य, निर्देशक श्री रमेश सुबेदी, श्री राजकुमार बोहरा लगायतको उपस्थितिमा मधेश प्रदेश सभाका सभामुख माननीय रामचन्द्र मण्डल, सार्वजनिक लेखा समितिको सभापति माननीय मञ्जु थापासँगको भेटघाट तथा छलफल कार्यक्रम मिति २०८१ मंसिर २७ गते सम्पन्न भएको छ। उक्त कार्यक्रममा सार्वजनिक लेखा समितिका सदस्यहरू माननीय रामआशीष यादव, माननीय उपेन्द्र महतो, माननीय हुमनाथ पहाडी लगायतका सदस्यहरू तथा प्रदेश सभा सचिवालयका सचिव श्री वासु पौडेल लगायतको उपस्थिति रहेको थियो। उक्त भेटघाट तथा छलफलको क्रममा प्रदेश सभाका माननीय सभामुख तथा लेखा समितिका माननीय सभापतिले महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले आर्थिक अनुशासन र वित्तीय जवाफदेहिता प्रवर्द्धनमा महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै प्रदेश सरकारको बेरूजु सम्बन्धमा कानून बमोजिम निर्धारित समयमा फर्स्यौट गर्नु पर्ने, प्रदेश सभाले र सार्वजनिक लेखा समितिले बेरूजु फर्स्यौटमा प्रतिवद्धता व्यक्त गर्दै, सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने, प्रकृया भन्दा नतिजामा ध्यान दिई वित्तीय अनुशासन कायम गर्नु पर्ने र मानवीय संसाधनको क्षमता विकास गर्नुपर्ने लगायत विचार व्यक्त गर्नु भएको थियो। माननीय महालेखापरीक्षकज्यूले वार्षिक प्रतिवेदनमा औंल्याइएका बेहोराहरूको समयमा नै छलफल भई सम्परीक्षण भएमा एउटै प्रकृतिको बेरूजु प्रत्येक वर्ष उठाउन नपर्ने विषय समेत राख्नुभयो।

छलफलका क्रममा समितिका माननीय सदस्यज्यूहरूबाट उठान भएका जिज्ञासा माननीय महालेखापरीक्षकज्यूले सम्बोधन गर्नु भएको थियो। कार्यक्रमको अन्तमा समितिका सभापति माननीय मञ्जु थापाले महालेखापरीक्षकको वार्षिक प्रतिवेदनउपर हुने छलफलमा आउने महालेखापरीक्षकको कार्यालयका प्रतिनिधिहरूको भ्रमण संख्या तथा अवधि बढाइदिन अनुरोध गर्नुभयो।

महालेखानियन्त्रकज्यूबाट संघ, प्रदेश र स्थानीय तहको एकीकृत वित्तीय विवरण पेश



तीन वटै तहका सरकारको सञ्चित कोष तथा अन्य सरकारी कोषको एकीकृत वित्तीय विवरण पेश गर्ने क्रममा माननीय महालेखापरीक्षक तोयम राया र महालेखा नियन्त्रक विनोद प्रकाश सिंह साथमा उपमहालेखापरीकज्यूहरु र अन्य कर्मचारीहरु।

१४ पौष, २०८१

महालेखापरीक्षकको कार्यालयमा माननीय महालेखापरीक्षक श्री तोयम रायासमक्ष महालेखा नियन्त्रक श्री विनोदप्रकाश सिंहले आर्थिक वर्ष २०८०/८१ को तीनै तहका सरकारको सञ्चित कोष तथा अन्य सरकारी कोषको एकीकृत वित्तीय विवरण पेश गर्नुभएको छ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५ तथा नियमावली, २०७७ को नियम १०(३) मा भएको व्यवस्था अनुसार संघीय सञ्चित कोष, प्रदेश सञ्चित कोष, स्थानीय सञ्चित कोष तथा अन्य सरकारी कोषको एकीकृत वित्तीय विवरण पेश भएको छ। प्रस्तुत वित्तीय विवरण अनुसार तीन तहका सरकारको कुल राजस्व प्राप्ति आर्थिक वर्ष २०८०/८१ मा रु. ११ खर्ब ४३ अर्ब १९ करोड ७९ लाख रहेको देखिन्छ। यसैगरी कुल खर्च रु. १६ खर्ब ८२ अर्ब ८ करोड ६६ लाख रहेको र सोमध्ये चालु खर्च रु. ९ खर्ब ४३ अर्ब १० करोड ३३ लाख, पुँजीगत खर्च रु. ४ खर्ब ६६ अर्ब ३७ करोड ८२ लाख र वित्तीय व्यवस्था तर्फ रु. २ खर्ब ७२ अर्ब ५० लाख रहेको छ। आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा तीनै तहका सरकारका बजेटरी तथा गैर बजेटरी निकायको नगद बाँकी तथा बैंक मौज्दात रु. १ खर्ब ३४ अर्ब १२ करोड ५१ लाखले धनात्मक रहेको छ। आर्थिक वर्ष २०८०/८१ को अन्त्यमा कुल सार्वजनिक ऋण रु. २४ खर्ब ३४ अर्ब ९ करोड ९७ लाख रहेको छ।

उक्त कार्यक्रमका अवसरमा महालेखा नियन्त्रकज्यूले आफ्नो मन्तव्य राख्दै एकीकृत वित्तीय विवरण तयार गर्दा सकेसम्म त्रुटिरहित हुने गरी तयार गरिएको बेहोरा उल्लेख गर्दै महालेखापरीक्षकको कार्यालयबाट वित्तीय प्रतिवेदनमाथि हुने टिप्पणी आगामी आर्थिक वर्षको लागि आर्थिक कारोबार सञ्चालनार्थ मार्गदर्शन हुने बताउनुभयो। माननीय महालेखापरीक्षकज्यूले प्राप्त एकीकृत वित्तीय विवरण अनुसार राज्यको वित्तीय अवस्था बारे उल्लेख गर्दै प्रतिवेदन तयारीमा संलग्न सम्पूर्ण कर्मचारीलाई धन्यवाद ज्ञापन गर्नुभयो। कार्यक्रममा महालेखापरीक्षकको कार्यालय तथा महालेखा नियन्त्रकको कार्यालयका उच्च तथा मध्यम व्यवस्थापन तहका कर्मचारीहरूको सहभागिता रहेको थियो।

सुदूरपश्चिम प्रदेश सरकारसँग लेखापरीक्षण, बेरुजु फर्स्यौंट तथा सम्परीक्षण सम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम



माननीय प्रदेश समुख दायाँ माननीय महालेखापरीक्षकज्यू बायाँ।

२१ पौष, २०८१

महालेखापरीक्षकको कार्यालयको आर्थिक वर्ष २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सुदूरपश्चिम प्रदेश सरकारसँग "लेखापरीक्षण, बेरूजु फर्स्यौंट तथा सम्परीक्षण सम्बन्धी छलफल तथा अन्तर्क्रिया कार्यक्रम" मिति २०८१ पुस २१ गते भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको सभाहल, धनगढीमा सम्पन्न भयो। उक्त कार्यक्रममा उप महालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारीज्यूले सुदूरपश्चिम प्रदेश सरकार र मातहतका निकायको लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा, बेरुजुको अवस्था तथा सम्परीक्षण एवं समग्र आर्थिक सुशासनका लागि सुधारका उपायहरु सम्बन्धी प्रस्तुतीकरण गर्नु भएको थियो। सो कार्यक्रममा आर्थिक मामिला मन्त्रालयका सचिव श्री झलकराम अधिकारीले सुदूरपश्चिम प्रदेशको अर्थतन्त्रको अवस्था र प्रदेश लेखा नियन्त्रक श्री वासुदेव जोशीले आन्तरिक लेखापरीक्षणको अवस्था प्रस्तुत गर्नुभएको थियो। उक्त कार्यक्रममा प्रदेश प्रमुख सचिव डा. कमलराज पोखेलले लेखापरीक्षण तथा सम्परीक्षण सम्बन्धमा आफ्नो मन्तव्य सहित प्रदेश सचिवहरु तथा लेखा प्रमुखहरुलाई निर्देशन समेत दिनुभएको थियो। यसै क्रममा सहभागीहरुका तर्फबाट उठेका जिज्ञासाको सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री तोयम रायाले लेखापरीक्षणको समग्र अवस्था सहित सुधारका लागि आफ्ना धारणसहित मन्तव्य राख्नु भएको थियो। कार्यक्रमको अन्त्यमा माननीय मुख्यमन्त्री श्री कमल बहादुर शाहले लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि विभिन्न सुझाव सहित प्रदेश सरकारका पदाधिकारीहरुलाई आर्थिक सुशासनमा अभिवृद्धि हुनेगरी काम गर्न निर्देशन समेत दिँदै कार्यक्रम समापन गर्नु भएको थियो। उक्त कार्यक्रममा प्रदेश सरकारका मन्त्रीज्यूहरु, राज्यमन्त्रीज्यूहरु, प्रदेशका सचिवज्यूहरु तथा विभिन्न निकायका प्रमुखहरु तथा लेखा प्रमुखहरुको उपस्थिति रहेको थियो। उक्त कार्यक्रम नायब महालेखापरीक्षक श्री पशुपति कुमार काफ्ले तथा निर्देशकहरु श्री रामचन्द्र पौडेल, श्री छिरिङ तोप्के लामा तामाङ, श्री रमेश सुबेदी र श्री अभिराज डाँगीको समेत उपस्थिति रहेको थियो।

सुदूरपश्चिम प्रदेश सभाका उपसभामुख तथा सार्वजनिक लेखा समितिका सभापति तथा प्रदेश सभा सदस्यहरुसँग भेटघाट तथा छलफल

महालेखापरीक्षकको कार्यालयको आर्थिक वर्ष २०८१।८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सुदूरपश्चिम प्रदेश सभाका उप सभामुख, माननीयज्यूहरु र प्रदेश सभा सचिवालयका कर्मचारीहरुसँग "लेखापरीक्षण, बेरूजु फर्स्यौंट तथा सम्परीक्षण सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम" मिति २०८१ पुस २० गते धनगढीमा सम्पन्न भएको छ। उक्त कार्यक्रममा प्रदेश सभा सार्वजनिक लेखा समितिका सभापति माननीय श्री विक्रम सिंह धामीले महालेखापरीक्षकको वार्षिक प्रतिवेदन र प्रतिवेदनमा समावेश बेहोराका सम्बन्धमा आफ्ना विचार र जिज्ञासा सहितको मन्तव्य राख्नु भएको थियो। कार्याक्रममा उपमहालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारीले लेखापरीक्षण, बेरुजु फर्स्यौंट र सम्परीक्षण सम्बन्धमा महालेखापरीक्षकको कार्यालयको तर्फबाट प्रस्तुतीकरण गर्नु भएको थियो। सो कार्यक्रममा सहभागी प्रदेश सभाका माननीयज्यूहरुलगायत प्रदेश सभाका पदाधिकारीहरुबाट राखिएका विभिन्न जिज्ञासाको सम्बोधन गर्दै माननीय महालेखापरीक्षकज्यूले प्रदेश सभामा पेश भएका महालेखापरीक्षकका वार्षिक प्रतिवेदन सम्बन्धमा बिभिन्न सुझावहरु प्रस्तुत गर्नुभएको थियो। कार्यक्रमको अन्त्यमा प्रदेश सभाका उप सभामुख माननीय श्री कोइलीदेवी चौधरीले लेखापरीक्षणको गुणस्तर अभिवृद्धि सम्बन्धमा आफ्ना भनाइ राख्दै कार्यक्रम समापन गर्नु भएको थियो। उक्त कार्यक्रमा प्रदेश सभाका माननीय सदस्यहरु श्री खिमादेवी विष्ट, श्री गीता कुमारी चौधरी, श्री मधुदेवी भारती र श्री वेद बहादुर राना मगर र प्रदेश सभाका सचिव श्री देब बहादुर

बोगटीसहित सचिवालयका कर्मचारीहरुको उपस्थिति रहेको थियो। यसै गरी नायब महालेखापरीक्षक श्री पशुपति कुमार काफ्ले तथा निर्देशकहरु श्री रामचन्द्र पौडेल, श्री छिरिङ तोप्के लामा तामाङ, श्री रमेश सुबेदी र श्री अभिराज डाँगीको समेत उपस्थिति रहेको थियो।

सुदूरपश्चिम प्रदेशका स्थानीय तहका प्रमुख/अध्यक्षहरुका लागि सञ्चालित नेतृत्व विकास तथा व्यवस्थापन तालिम कार्यक्रम

सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान डोटीबाट सुदूरपश्चिम प्रदेशका स्थानीय तहका प्रमुख/अध्यक्षहरुका लागि सञ्चालित नेतृत्व विकास तथा व्यवस्थापन तालिम कार्यक्रम मिति २०८१ पुस १९ र २० सौराही पार्टी प्यालेसको सभाहल धनगढीमा भएको थियो। उक्त कार्यक्रममा यस कार्यालयको तर्फबाट उप महालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारीले "सार्वजनिक खर्च व्यवस्थापनमा स्थानीय तहका नेतृत्वको भूमिका र कर्तव्य" बिषयमा प्रस्तुतीकरण गर्नुभएको थियो। उक्त कार्यक्रममा सहभागीहरुका तर्फबाट उठेका विभिन्न जिज्ञासासहितलाई सम्बोधन हुने गरी समग्र वित्तीय सुशासन अभिवृद्धिका लागि माननीय महालेखापरीक श्री तोयम रायाले सुझाव सहितको मन्तव्य दिनु भएको थियो। उक्त कार्यक्रममा माननीय मुख्यमन्त्री श्री कमल बहादुर शाहको समेत उपस्थिति थियो। उक्त कार्यक्रममा प्रदेश सरकारका माननीय मन्त्रीज्यूहरु, प्रदेश सभाका माननीय सदस्यहरु, प्रदेश सरकारका उच्चपदस्थ कर्मचारीहरु तथा स्थानीय तहका प्रमुख/अध्यक्षहरुलगायत विभिन्न व्यक्तिहरुको उपस्थिति रहेको थियो। सो कार्यक्रममा यस कार्यालयका नायब महालेखापरीक्षक श्री पशुपति कुमार काफ्ले तथा निर्देशकहरु श्री रामचन्द्र पौडेल, श्री छिरिङ तोप्के लामा तामाङ, श्री रमेश सुबेदी र श्री अभिराज डाँगीको समेत उपस्थिति रहेको थियो।

सुदूरपश्चिम प्रदेश प्रमुखसँग भेटघाट

सुदूरपश्चिम प्रदेश प्रमुख माननीय श्री नजिर मियासँग माननीय महालेखापरीक्षक श्री तोयम रायले २०८१ पुस २१ मा वहाँको निवास धनगढीमा भेटघाट गर्नुभयो। भेटघाटका क्रममा महालेखापरीक्षकको हाल चालु रहेको २०८०।८१ को लेखापरीक्षण कार्यक्रम, विगतका वार्षिक प्रतिवेदनहरु तथा लेखापरीक्षणको समग्र अवस्था सम्बन्धमा माननीय प्रदेश प्रमुखज्यूलाई जानकारी गराउनु भएको थियो। सो क्रममा माननीय प्रदेश प्रमुखले लेखापरीक्षणले वार्षिक प्रतिवेदनमा औंल्याएका बेहोराहरु सम्बन्धमा जानकार रहेको र सुधार गर्नुपर्ने बिषयमा आफ्ना सुझावहरु जानकारी गराउनु भएको थियो। सो कार्यक्रममा उप महालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारी, नायब महालेखापरीक्षक श्री पशुपति कुमार काफ्ले तथा निर्देशकहरु श्री रामचन्द्र पौडेल, श्री छिरिङ तोप्के लामा तामाङ, श्री रमेश सुबेदी र श्री अभिराज डाँगी तथा प्रदेश लेखा नियन्त्रक श्री वासुदेव जोशीसमेतको उपस्थिति रहेको थियो।



सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख माननीय श्री नजिर मियासँग माननीय महालेखापरीक्षक सहित कार्यालयका कर्मचारीहरु।

IDI pICTure Strategy Development Workshop मा सहभागिता

इन्टोसाई डेभलपमेन्ट ईनिसियटिभ (आई.डी.आई.) बाट सञ्चालित Picture Initiative-support in Strengthening ICT Governance कार्यक्रमको प्रथम चरणमा आई.डी.आई.ले विकास गरेको ICT Maturity Assessment Tool-SAI ITMA प्रयोग गरी कार्यालयको सूचना तथा प्रविधि परिपक्वता (ICT Maturity) परीक्षण एवं सोका आधारमा सूचना प्रविधिसम्बन्धी विषयमा सेप्टेम्बर १६-२०, २०२४ स्पेनमा आयोजित "Leading Digital Change" विषयक कार्यक्रममा नायब महालेखापरीक्षक चन्द्रकान्त भण्डारीको सहभागिता रहेको थियो।

यस्तै, सर्वोच्च लेखापरीक्षण संस्थाको सुचना तथा संचार प्रविधि(ICT) व्यवस्थापन सम्बन्धमा अनुभव आदानप्रदान र ICT रणनीति तर्जुमा सम्बन्धमा माल्दिप्समा सप्टेम्बर ३० देखि अक्टोबर ४ सम्म सञ्चालन भएको कार्यक्रममा निर्देशक श्री रमेश सुवेदी र लेखापरीक्षण अधिकारी श्री रश्मिता सिंखडा IDI बाट सञ्चालित IDI pICTure ASOSAI Strategy Development Workshop मा भाग लिन यस कार्यालयको निर्णयानुसार सहभागी हुनु भएको थियो। यस कार्यक्रममा उहाँहरुको सहभागिता र सिकाई सम्बन्धमा पेश गर्नुभएको प्रतिवेदनको सार निम्न छ।

यस कार्यक्रममा महालेखापरीक्षकको कार्यालयको सुचना प्रविधि e-Governance प्रभावकारीताको सम्बन्धमा SAI ITMA (Supreme Audit Institution Information Technology Maturity Assessment) को प्ररम्भिक परिणामको विषयमा कार्यपत्र प्रस्तुत गरिएको छ। SAI Level ICT Strategy Development सम्बन्धममा तालिम लिइएको।

अन्य देशबाट सहभागी SAI को maturity assessment को विषयमा जानकारी प्राप्त भएको महालेखापरीक्षकको सूचना प्रविधि सम्बन्धि रणनीति तर्जुमा गरी लागू गर्नका लागी आवश्यक प्रकृया र विधिको बारेमा जानकारी प्राप्त भएको।

अन्य देशहरु जस्तैः फिलिपिन्स, पाकिस्तान, माल्दिभ्स लगायतका देशहरुमा महालेखापरीक्षक कार्यालय अन्तरगत छुट्टै ICT Professional Team रहेको र यस टिमले समग्र ICT Sector व्यवस्थापन गरेको पाइयो। यस विषय हाम्रा लागी अनुकरणीय देखिन्छ। अन्य देशहरुले audit management software खरिद गरी प्रयोग गरेको पाइयो भने हाम्रो सन्दर्भमा locally developed software आफैं स्फटवेयर खरिद गरी प्रयोग गर्न सकेकोले यस पक्षमा नेपालको महालेखापरीक्षकको कार्यालय सफल देखिएको ।

यस कार्यक्रमको मुख्य उद्देश्य सर्वोच्च लेखापरीक्षण संस्थाको सूचना प्रविधिको प्रयोग र परिपक्वताको मूल्याङ्कन गरी सूचना प्रविधिको प्रयोग र सूचना प्रविधिको लेखापरीक्षण सम्बन्धमा रणनीतिक योजना तयार गरी कर्मचारीहरूको क्षमता वृद्धिगर्नु रहेको छ।

२०८१ श्रावण देखि पौष मसान्तसम्म वैदेशिक तालिम, अध्ययन र अवलोकन भ्रमणमा गएका कर्मचारीहरुको विवरण

पद	कर्मचारिको नाम	कार्यक्रमको नाम	कार्यक्रमको किसिम (तालिम, गोष्ठी, सेमिनार, कन्फरेन्स, अवलोकन भ्रमण	भ्रमण गरेको देश	मिति	कैफियत
लेखापरीक्षण अधिकारी	श्री फुलमाया लामा	Seminar on Investment Cooperation and Development for Developing Countries	सेमिनार	चीन	२०२४ जुलाई ११ देखि जुलाई २४ सम्म	
लेखापरीक्षण अधिकारी	श्री वसन्ता पन्थी	Seminar on Investment Cooperation and Development for Developing Countries	सेमिनार	चीन	२०२४ जुलाई ११ देखि जुलाई २४ सम्म	
निर्देशक	श्री प्रकाश कुमार खत्री	Climate Scanner Regional Workshop	गोष्ठी	भारत	२०२४ जुलाई २०देखि २८ सम्म	
लेखापरीक्षण अधिकारी	श्री प्रदिप चालिसे	Climate Scanner Regional Workshop	गोष्ठी	भारत	२०२4 जुलाई २०देखि २८ सम्म	
निर्देशक	श्री वैभवदिप श्रेष्ठ	सार्क अडिट	लेखापरीक्षण	पाकिस्तान	२०२४ जुलाई २० देखि २९ र अगस्ट १२ देखि १३	
लेखापरीक्षण अधिकारी	श्री राजिव बस्नेत	सार्क अडिट	लेखापरीक्षण	पाकिस्तान	२०२4 जुलाई २० देखि २९ र अगस्ट १२ देखि १३	
निर्देशक	श्री नीर प्रसाद सुवेदी	Wrap up meeting of the 13th ASOSAI Research Project	तालिम	इण्डोनेसिया	2024 जुलाई २३ देखि २४ सम्म	
निर्देशक	श्री कल्पना अर्याल	सार्क अडिट	लेखापरीक्षण	श्रीलंका र बंगलादेश	2024 जुलाई २५ देखि ३१ र अगष्ट १ देखि ९ सम्म श्रीलंका र बंगलादेश	
लेखापरीक्षण अधिकारी	श्री कृपा मरहट्टा	सार्क अडिट	लेखापरीक्षण	श्रीलंका र बंगलादेश	2024 जुलाई २५ देखि ३१ र अगष्ट १ देखि ९ सम्म श्रीलंका र बंगलादेश	
निर्देशक	श्री ताराध्वज सुनुवार	Seminar on Building Global Partnership for Development under the Global Development मा सहभागिता	सेमिनार	चीन	२०२४ जुलाई ३० देखि अगष्ट १२सम्म	
निर्देशक	श्री कृष्ण प्रसाद खनाल	Seminar on Building Global Partnership for Development under the Global Development	सेमिनार	चीन	२०२४ जुलाई ३० देखि अगष्ट १२सम्म	
निर्देशक	श्री लेख बहादुर थापा	seminar on tax cooperation for BRI partners countries	सेमिनार	चीन	२०२४ अगस्ट १८ देखि ३१ सम्म	
लेखापरीक्षण अधिकारी	श्री डुन्नुराज भुषाल	seminar on tax cooperation for BRI partners countries	सेमिनार	चीन	२०२४ अगस्ट १८ देखि ३१ सम्म	
लेखापरीक्षण अधिकारी	श्री अजय कुमार गुप्ता	Training course on Nutrition Management for Nepal	तालिम	चीन	२०२४ अगस्ट ३० देखि सेप्टेम्बर २० सम्म	
लेखापरीक्षण अधिकारी	श्री धरणीधर दाहाल	Training course on Nutrition Management for Nepal	तालिम	चीन	२०२४ अगस्ट ३० देखि सेप्टेम्बर २० सम्म	

पद	कर्मचारिको नाम	कार्यक्रमको नाम	कार्यक्रमको किसिम (तालिम, गोष्ठी, सेमिनार, कन्फरेन्स, अवलोकन भ्रमण	भ्रमण गरेको देश	मिति	कैफियत
लेखापरीक्षण अधिकारी	श्री केवल कुमार बडाल	Training course on Nutrition Management for Nepal	तालिम	चीन	२०२४ अगस्ट ३० देखि सेप्टेम्बर २० सम्म	
लेखापरीक्षण अधिकारी	श्री गंगा कुमारी आचार्य	Training course on ceramic technology for BRI	तालिम	चीन	२०२४ सेप्टेम्बर ३ देखि २३ सम्म	
निर्देशक	श्री श्रीधर प्रसाद पन्त	seminar on public finance reform for nepal	सेमिनार	चीन	2024 सेप्टेम्बर ११ देखि २४ सम्म	
निर्देशक	श्री जनार्दन घिमिरे	seminar on public finance reform for nepal	सेमिनार	चीन	2024 सेप्टेम्बर ११ देखि २४ सम्म	
लेखापरीक्षण अधिकारी	श्री दिपक बहादुर सिंह	seminar on public finance reform for nepal	सेमिनार	चीन	2024 सेप्टेम्बर ११ देखि २४ सम्म	
नायब महालेखापरीक्षक	श्री तारा प्रसाद पाण्डे	IAASB को आयोजनामा सञ्चालन हुने बोर्ड बैठकमा बोर्ड प्रतिनिधि सदस्यको रुपमा सहभागिता	गोष्ठी	USA	२०२४ सेप्टेम्बर १६ देखि २० सम्म	
नायब महालेखापरीक्षक	श्री चन्द्रकान्त भण्डारी	IDI 16-20 September event Spain	गोष्ठी	स्पेन	2024 सेप्टेम्बर १६ देखि २० सम्म	
उप महालेखापरीक्षक	श्री विन्दु विष्ट	16th ASOSAI Assembly	ASOSAI Assembly	भारत	२०२४ सेप्टेम्बर २२ देखि २७ सम्म	
नायब महालेखापरीक्षक	श्री श्रीकुमार राई	16th ASOSAI Assembly	ASOSAI Assembly	भारत	२०२४ सेप्टेम्बर २२ देखि २७ सम्म	
निर्देशक	श्री रमेश सुवेदी	The picture ICT strategy development workshop	गोष्ठी	माल्दिभ्स	२०२४ सेप्टेम्बर ३० देखि अक्टोबर ४ सम्म	
लेखापरीक्षण अधिकारी	श्री रस्मिता सिंखडा	The picture ICT strategy development workshop	गोष्ठी	माल्दिभ्स	२०२4 सेप्टेम्बर ३० देखि अक्टोबर ४ सम्म	
निर्देशक	श्री कमल श्रेष्ठ	२०२४ Chinese Government-Auditing Master Program अध्ययनमा मनोनयन	अध्ययन	चीन	सेप्टेम्बर २०२४ देखि सेप्टेम्बर २०२६	
निर्देशक	श्री राम कुमार शर्मा	ASOSAI seminar on dealing with fraud and corruption 2024	सेमिनार	फिलिपिन्स	2024 अक्टोबर 21 देखि अक्टोबर 25	
उप महालेखापरीक्षक	श्री बैकुण्ठ बहादुर अधिकारी	International Conference on Achieving Climate Objectives-Accontability and Transparency	कन्फरेन्स	कोरिया	2024 नोभेम्बर ५ देखि ७	
नायब महालेखापरीक्षक	श्री राजेन्द्र राज ओझा	International Conference on Achieving Climate Objectives-Accontability and Transparency	कन्फरेन्स	कोरिया	2024 नोभेम्बर ५ देखि ७	
लेखापरीक्षण अधिकारी	श्री प्रकाश बसेल	Master Program of International Business	अध्ययन	चीन	2024 सेप्टेम्बर ७ देखि २०२६ जुलाई ३१ सम्म	
नायब महालेखापरीक्षक	श्री शंकर प्रसाद पन्थी	Seminar on International financial Risk Warning and Supervision Project Description Training	सेमिनार	चीन	२०२४ अक्टोबर ११ देखि २०	
निर्देशक	श्री महेश पौडेल	Seminar on Fiscal and Tax Management For the “Belt and Road” Countries Project Description Training	सेमिनार	चीन	२०२४ अक्टोबर १५देखि २१	
निर्देशक	श्री टीकानाथ अर्याल	PESA CPD in-person event in Pretoria’	अन्तरक्रिया	दक्षिण अफ्रिका	२०२४ अक्टोबर १४ देखि १८	
निर्देशक	श्री अगमबाबु पुरी	Seminar on Statistics and Information Management Official from Developing Countries Training	सेमिनार	चीन	२०२४ अक्टोबर १७ देखि ३०	

पद	कर्मचारिको नाम	कार्यक्रमको नाम	कार्यक्रमको किसिम (तालिम, गोष्ठी, सेमिनार, कन्फरेन्स, अवलोकन भ्रमण	भ्रमण गरेको देश	मिति	कैफियत
लेखापरीक्षण अधिकारी	श्री छेत्र बहादुर थापा	1st Mid-Career Training Programme for Civil Servants of BIMSTEC Countries	गोष्ठी	भारत	२०२४ अक्टोबर १४ देखि २५	
उपमहालेखापरीक्षक	श्री पदमराज पौडेल	IDI-ADB High Level Dialougue on SAI Parliament Cooperation in Demonstrating Values to Citizens'	गोष्ठी	फिलिपिन्स	२०२४ डिसेम्बर २-३	
नायब महालेखापरीक्षक	श्री हुमनाथ सुवेदी	IDI-ADB High Level Dialougue on SAI Parliament Cooperation in Demonstrating Values to Citizens'	गोष्ठी	फिलिपिन्स	२०२४ डिसेम्बर २-३	
नायब महालेखापरीक्षक	श्री घनश्याम पराजुली	ANNUAL SAI GOVERNANCE ACADEMY	तालिम	टर्की	२०२४ डिसेम्बर ९-१३	
नायब महालेखापरीक्षक	श्री रविन्द्र प्रसाद देवकोटा	ANNUAL SAI GOVERNANCE ACADEMY	तालिम	टर्की	२०२५ डिसेम्बर ९-१३	
लेखापरीक्षण अधिकारी	श्री शिवजी खड्का	ITEC course- receipt and compliance at ICISA	तालिम	नोयडा भारत	२०२४ नोभेम्बर २०-१३ डिसेम्बर	
लेखापरीक्षण अधिकारी	श्री दिपक आचार्य	ITEC course- receipt and compliance at ICISA	तालिम	नोयडा भारत	२०२४ नोभेम्बर २०-१३ डिसेम्बर	
लेखापरीक्षण अधिकारी	श्री कुन्ता कुमारी दाहाल	ITEC course- receipt and compliance at ICISA	तालिम	नोयडा भारत	२०२४ नोभेम्बर २०-१३ डिसेम्बर	
नायब महालेखापरीक्षक	श्री नेत्र कुमार खत्री	UNFCCC पक्ष राष्ट्रहरुको २९ औ सम्मेलन (कोप-२९)	कन्फरेन्स	बाकु अजरबैजन	२०२४ नोभेम्बर ११-१८	
नायब महालेखापरीक्षक	श्री श्याम प्रसाद भण्डारी	Training on "adaptation to climate change and Biodiversity"	तालिम	ASOSAI WGEA	२०२४ डिसेम्बर १९	online
नायब महालेखापरीक्षक	श्री राजेन्द्र राज ओझा	Training on "adaptation to climate change and Biodiversity"	तालिम	ASOSAI WGEA	२०२५ डिसेम्बर १९	online
निर्देशक	श्री रमेश सुवेदी	Training on "adaptation to climate change and Biodiversity"	तालिम	ASOSAI WGEA	२०२६ डिसेम्बर १९	online
निर्देशक	श्री सिर्जना रिमाल	Training on "adaptation to climate change and Biodiversity"	तालिम	ASOSAI WGEA	२०२७ डिसेम्बर १९	online
लेखापरीक्षण अधिकारी	श्री घनश्याम बसेल	Training on "adaptation to climate change and Biodiversity"	तालिम	ASOSAI WGEA	२०२८ डिसेम्बर १९	online
लेखापरीक्षण अधिकारी	श्री शंकर लामिछाने	Training on "adaptation to climate change and Biodiversity"	तालिम	ASOSAI WGEA	२०२९ डिसेम्बर १९	online
निर्देशक	श्री टीकानाथ अर्याल	International training program on "Audit of Extractive Industries"	तालिम	ICED भारत	२०२५ जनवरी १ देखि १०	online
निर्देशक	श्री रामचन्द्र ओझा	International training program on "Audit of Extractive Industries"	तालिम	ICED भारत	२०२५ जनवरी १ देखि १०	online
निर्देशक	श्री रमेश सुवेदी	International training program on "Audit of Extractive Industries"	तालिम	ICED भारत	२०२५ जनवरी १ देखि १०	online
निर्देशक	श्री कमल श्रेष्ठ	International training program on "Audit of Extractive Industries"	तालिम	ICED भारत	२०२५ जनवरी १ देखि १०	online
लेखापरीक्षण अधिकारी	श्री कृष्ण बहादुर खत्री	International training program on "Audit of Extractive Industries"	तालिम	ICED भारत	२०२५ जनवरी १ देखि १०	online
उपमहालेखापरीक्षक	श्री बामदेव शर्मा अधिकारी	Enhancing SAI-CSO Engagement in the ASOSAI Region	कन्फरेन्स	IDI ASOSAI CDAफिलिपिन्स	२०२५ जनवरी १० देखि १२	

२०८१ श्रावण देखी २०८१ पौषसम्म अवकास भएका कर्मचारीको विवरण

सि.नं.	पद	नाम	अवकाश मिति
१	नायव महालेखापरीक्षक	श्री नेत्र कुमार अत्री	२०८१/०९/०२
२	निर्देशक	श्री किशोर पोखरेल	२०८१/०९/०४

२०८१ श्रावण देखी २०८१ पौषसम्म खुला प्रतिष्पर्धात्मक परीक्षाबाट नियुक्ति भएका कर्मचारीको विवरण

सि.नं.	पद	नाम	नियुक्ती मिति
१	लेखापरीक्षण अधिकारी	श्री शंकर शर्मा	२०८१/०८/१८
२	लेखापरीक्षण अधिकारी	श्री सुजित चौलागाई	२०८१/०८/१८
३	लेखापरीक्षण अधिकारी	श्री आशिष भुर्तेल	२०८१/०८/१८
४	लेखापरीक्षण अधिकारी	श्री रुपा तामाङ	२०८१/०८/१८
५	लेखापरीक्षण अधिकारी	श्री मधु प्रसाद पैयानी	२०८१/०८/१८
६	लेखापरीक्षण अधिकारी	श्री आशिष ढकाल	२०८१/०८/१८
७	लेखापरीक्षण अधिकारी	श्री आकाश राज शाह	२०८१/०८/१८
८	लेखापरीक्षण अधिकारी	श्री रौशनकुमार मिश्र	२०८१/०८/१८
९	लेखापरीक्षण अधिकारी	श्री ज्ञानेन्द्रकुमार खत्री	२०८१/०८/१८
१०	लेखापरीक्षण अधिकारी	श्री कोपिला पौडेल	२०८१/०८/१८
११	लेखापरीक्षण अधिकारी	श्री विश्व क्रान्ति ठाकुर	२०८१/०८/१८
१२	लेखापरीक्षण अधिकारी	श्री सुनिता अधिकारी	२०८१/०८/१८
१३	लेखापरीक्षण अधिकारी	श्री विष्णु माया लिम्बु	२०८१/०८/१८
१४	लेखापरीक्षण अधिकारी	श्री सरिता परियार	२०८१/०८/१८
१५	लेखापरीक्षण अधिकारी	श्री जगत बहादुर सिंह	२०८१/०८/१८
१६	लेखापरीक्षण अधिकारी	श्री मो.इस्माईल अली	२०८१/०८/१८
१७	लेखापरीक्षण अधिकारी	श्री संतोष साह	२०८१/०८/१८
१८	लेखापरीक्षण अधिकारी	श्री सुवास खवास भुजेल्	२०८१/०८/१८
१९	लेखापरीक्षण अधिकारी	श्री रमित कर्ण	२०८१/०८/१८
२०	लेखापरीक्षण अधिकारी	श्री राजन घर्ती	२०८१/०८/१८
२१	लेखापरीक्षण अधिकारी	श्री शमसुल हक खाँ	२०८१/०८/१८
२२	लेखापरीक्षण अधिकारी	श्री तिलक वि.क.	२०८१/०८/१८
२३	लेखापरीक्षण अधिकारी	श्री पवन कुशवाहा	२०८१/०८/१८

२०८१ श्रावण देखी २०८१ पौषसम्म रमाना भई गएका कर्मचारीको विवरण

सि.नं.	पद	नाम	रमाना मिति
१	लेखापरीक्षण अधीक्षक	श्री राजन राई	२०८१।०७।०७
२	लेखापरीक्षण अधीक्षक	श्री मदन न्यौपाने	२०८१।०७।२६
३	लेखापरीक्षण अधीक्षक	श्री लाल बहादुर विष्ट	२०८१।०९।१४

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९९२ वैशाख ९

स्वर्गारोहण:
वि.सं.
२०८१ कार्तिक १२

स्व. केदार नाथ गौतम

यस कार्यालयका निर्देशक श्री श्याम प्रसाद गौतमज्यूका पूजनीय बुवा केदार नान गौतमको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवम् भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौं ।

महालेखापरीक्षकको कार्यालय परिवार
२०८१।०९।२९

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
१९९६ कार्तिक ५

स्वर्गारोहण:
वि.सं.
२०८० चैत्र २५

स्व. खिम बिक्रम शाह

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री लुम बिक्रम शाहज्यूका पूजनीय बुवा खिम बिक्रम शाहको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवम् भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौं ।

महालेखापरीक्षकको कार्यालय परिवार
२०८१।०९।२९

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२००७ असार ०३

स्वर्गारोहण:
वि.सं.
२०८१ श्रावण ०६

स्व. परशुराम आचार्य

यस कार्यालयका लेखापरीक्षण अधिकारी श्री दिपक आचार्यज्यूका पूजनीय बुवा परशुराम आचार्यको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवम् भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौं ।

महालेखापरीक्षकको कार्यालय परिवार
२०८१।०९।२९

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म:
वि.सं.
२०१३ श्रावण ५

स्वर्गारोहण:
वि.सं.
२०८२ कार्तिक १६

स्व. रश कुमारी घले

यस कार्यालयका कार्यालय सहयोगी श्री इता घलेज्यूका पूजनीय सासु रश कुमारी घलेको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवम् भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दैछौं ।

महालेखापरीक्षकको कार्यालय परिवार
२०८१।०९।२९